# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## बबई गाउँपालिका,
## दाङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

पत्र संख्याः २०७८।७९
च.नं. १६५ मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
बबई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
दाङ।

**कैफियत सहितको राय**

हामीले बबई गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. बबई गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू. ४ करोड १७ लाख ५५ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू. ३९ लाख ७२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २८ लाख ३ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ८० लाख ३६ हजार र पेश्की रू. ६९ लाख ४४ हजार रहेको छ ।पालिकाको गतवर्ष ४ करोड ५८ लाख ९१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू ८ करोड ७६ लाख ४६ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. लमही नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

# बबई गाउँपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

<table>
<tr><th colspan="3">प्रारम्भिक बेरुजु</th><th colspan="3">प्रतिक्रियाबाट फछ्र्यौट</th><th colspan="3">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">असुल गर्नुपर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th>पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>अनियमित भएको</th><th>प्रमाण कागजात पेश नभएको</th><th>राजस्व लगत जिम्मेवारी नसारेको</th><th>सोधभर्ना नलिएको</th><th>जम्मा</th><th></th></tr>
<tr><td>९४</td><td>३४</td><td>४१७५५</td><td>०</td><td>०</td><td>०</td><td>९४</td><td>३४</td><td>४१७५५</td><td>३९७२</td><td>१८०३६</td><td>१२८०३</td><td>०</td><td>०</td><td>३०८३९</td><td>६९४४</td></tr>
</table>

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दाङ | ४७०७१ | ० | ११८० | ४५८९१ | ० | ४१७५५ | ८७६४६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बबंई गाउँपालिका, दाङ , बबई गाउँपालिका , दाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Bhisma Kumar Malla | २०७५-१२-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Khim Lal Oli | २०७७-१-१ | |
| | | **बेरुजु रकम** | ४१,७५५,४८८ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ५,९०,८७,४६८.६६ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२,४५,३३,००० | **चालु खर्च** | २६,६२,५१,४०३ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,११,३२,००० | **पूँजीगत खर्च** | १६,८९,९०,२८७ |
| **राजश्व बाँडफाँट** | ७,८०,२८,६८९.९७ | **वित्तीय/अन्य व्यवस्था** | ७,४४,१३,२००.३१ |
| **आन्तरिक आय** | १,५०,८३,०३७.०९ | | |
| **अन्य आय** | ४,१७,००,१०४.७६ | | |
| **कुल आय** | ५०,०४,७६,८३१.८२ | **कुल खर्च** | ५०,९६,५४,८९०.३१ |
| **बाँकी मौज्दात** | | ४,९९,०९,४१०.१७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस बबई गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु बबई गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, २५७.४७ वर्ग किलोमिटर क्षेत्रफल तथा २७४६९ जनसंख्या रहेको छ ।<br><br>लेखापरीक्षणले औल्याए पश्चात पारिश्रमकर आयकर, अग्रिम आयकर, पाठ्यपुस्तक निकासा, ग्रेड रकम र आन्तरिक आय बापतको रु ४३७१४२। असुल भई दाखिला भएको छ। | |
| २ | | | **वित्तीय व्यवस्था**<br>शुत्र सफ्टवेयरबाट जारी भएको भुक्तानी र प्राप्तिको विवरण यस प्रकार छ। | |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५२,४६,१०,९७८ | ४६,१२,४२,२४७.०६ | | ४६,१२,४२,२४७.०६ | ४९,५३,०८,२०२.०२ | | ४९,५३,०८,२०२.०२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५०,०५,२५,३६० | ४३,१८,५६,२२७.०६ | ० | ४३,१८,५६,२२७.०६ | ३९,१८,७२,३५४.०२ | ० | ३९,१८,७२,३५४.०२ |
| ११००० कर | ११ | ९,३१,०४,३६० | ८,६२,९३,९८३.८६ | ० | ८,६२,९३,९८३.८६ | ६,४३,१२,३९३.४७ | ० | ६,४३,१२,३९३.४७ |
| १३००० अनुदान | | ३७,९३,७१,००० | ३३,८७,४४,५०० | ० | ३३,८७,४४,५०० | ३१,३६,३८,५०० | ० | ३१,३६,३८,५०० |
| संघीय सरकार | १२ | ३२,८२,३९,००० | २९,८९,३३,००० | ० | २९,८९,३३,००० | २४,९३,०९,९३० | ० | २४,९३,०९,९३० |
| प्रदेश सरकार | १२ | ५,११,३२,००० | ३,९८,११,५०० | ० | ३,९८,११,५०० | ३,४१,९२,००० | ० | ३,४१,९२,००० |
| अन्तरिक श्रोत | १२ | ० | ० | ० | ० | ३,०१,३६,५७० | ० | ३,०१,३६,५७० |
| १४००० अन्य राजस्व | | २,८०,५०,००० | ६८,१७,७४३.२० | ० | ६८,१७,७४३.२० | १,३९,२१,४६०.५५ | ० | १,३९,२१,४६०.५५ |
| ख. अन्य प्राप्ति | | २,४०,८५,६१८ | २,९३,८६,०२० | | २,९३,८६,०२० | १०,३४,३५,८४८ | | १०,३४,३५,८४८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ४५,२१,१२५ | ० | ४५,२१,१२५ |
| कोषहरु | | २,४०,८५,६१८ | २,५२,७६,७८१ | ० | २,५२,७६,७८१ | ८९,७६,८९४ | ० | ८९,७६,८९४ |
| धरौटी | | ० | ४१,०९,२३९ | ० | ४१,०९,२३९ | ४४,८१,६५३ | ० | ४४,८१,६५३ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ८,५४,५६,१७६ | ० | ८,५४,५६,१७६ |
| भुक्तानी (ग+घ) | | ५७,३६,६१,९७८ | ४५,४१,१८,७९५ | | ४५,४१,१८,७९५ | ४३,५०,५६,०५७.७५ | १८,००० | ४३,५०,७४,०५७.७५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५४,९५,७६,३६० | ४३,५२,४१,६९० | | ४३,५२,४१,६९० | ३३,९५,८७,१९०.३० | १८,००० | ३३,९६,०५,१९०.३० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १४,२९,१७,३६१ | १३,६३,६८,०७६ | ० | १३,६३,६८,०७६ | ४,३९,९२,०२७.६७ | ० | ४,३९,९२,०२७.६७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १४,७४,९९,१२२ | १०,६२,१६,८९८ | ० | १०,६२,१६,८९८ | ४,०१,३७,१३९.७७ | १८,००० | ४,०१,५५,१३९.७७ |
| २५००० सहायता (Subsidy) | १८ | २,००,००० | ० | ० | ० | ३,२९,५३,२७१ | ० | ३,२९,५३,२७१ |
| २६००० अनुदान | १८ | १,५८,१०,००० | १,५५,९४,००० | ० | १,५५,९४,००० | ५,५२,९०,९०७ | ० | ५,५२,९०,९०७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७००० सामाजिक सुरक्षा | १८ | ६७,३६,००० | ५१,७५,१३३ | ० | ५१,७५,१३३ | ३१,५२,३५७ | ० | ३१,५२,३५७ |
| २८००० अन्य खर्च | १८ | ४७,५१,००० | २८,९७,२९६ | ० | २८,९७,२९६ | १५,४७,५२२ | ० | १५,४७,५२२ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २३,१६,६२,८७७ | १६,८९,९०,२८७ | ० | १६,८९,९०,२८७ | १६,२५,१३,९६५.८६ | ० | १६,२५,१३,९६५.८६ |
| घ. अन्य भूक्तानी | | २,४०,८५,६१८ | १,८८,७७,१०५ | | १,८८,७७,१०५ | ४३,५०,५६,०५७.७५ | १८,००० | ४३,५०,७४,०५७.७५ |
| कोषहरु | | २,४०,८५,६१८ | १,६९,३२,८२२ | ० | १,६९,३२,८२२ | ७२,५९,६९९ | ० | ७२,५९,६९९ |
| धरौटी | | ० | २०,६३,६१८ | ० | २०,६३,६१८ | २७,५२,९९२.४५ | ० | २७,५२,९९२.४५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ८,५४,५६,१७६ | ० | ८,५४,५६,१७६ |
| कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | (१,१९,३३५) | | (१,१९,३३५) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (४,९०,५१,०००) | ७१,२३,४५२.०६ | | ७१,२३,४५२.०६ | ६,०२,५२,१४४.२७ | -१८,००० | ६,०२,३४,१४४.२७ |
| च. गतवर्षको जिम्मेवारी | | | ६,३७,६५,४६७.११ | | ६,३७,६५,४६७.११ | ३,४६,७४,२८५.८० | | ३,४६,७४,२८५.८० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रकम (अ.ल्या) | | | | | | | | |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (४,९०,५१,०००) | ७,०८,८८,९१९.१७ | | ७,०८,८८,९१९.१७ | ९,४९,२६,४३०.०७ | -१८,००० | ९,४९,०८,४३०.०७ |
| बैंक तथा नगद बाकी | २४ | | ७,३४,७६,४३४.३८ | | ७,३४,७६,४३४.३८ | ६,१२,३९,५२३.५१ | | ६,१२,३९,५२३.५१ |

कार्यालयले तयार गरेको एकिकृत आय व्यय विवरणमा यस बर्षको कूल आय गत बर्षको जिम्मेवारी सारेको रु.५,९०,८७,४६८.६६ समेत रु.५५,९५,६४,३००.४८ रहेको छ। जिम्मेवारी सारेको घटाउदा कुल आय रु.५०,०४,७६,८३१.८२ रहेको देखिन्छ। प्राप्ति तथा भुक्तानीको विवरणमा गत बर्षको मौज्दात जिम्मेवारी नदेखिने र यस बर्षको खूद आफैले गरेको प्राप्ति अनुसार रु.४६,१२,४२,२४७.०६ प्राप्ती भएको देखिन्छ। एकिकृत आय-व्यय विवरण र सुत्रको प्राप्ति र भुक्तानी विवरणको यथार्थ प्राप्ति विच तुलना गर्दा प्राप्ति तर्फ रु.३,९२,३४,५८४.७६ फरक परेको छ । फरक पर्नाको कारण सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्दछ।

| | | | | |
|---|---|---|---|---|
| ३ | | | :<br>**आार्थिक सहायता** - महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन कानूनी व्यवस्था गरी भुक्तानी गर्नुपर्नेमा यसवर्ष विपद् व्यवस्थापन कोषवाट विपन्न तथा औषधि उपचारको लागि कार्यलयमा सहायता माग गर्नेको निवेदनका आधारमा गाउँपालिका अध्यक्षको तोक आदेशबाट रु ५०००। र सो भन्दा माथि कार्यपालकाको निर्णय अनुसार रु. ४२५०००।- आर्थिक सहायता वितरण गरेको छ । कानूनी व्यवस्था गरेर मात्र खर्च गरिनु पर्दछ । | |
| ४ | | | **संगठन तथा कर्मचारी व्यवस्थापनः यसमा देहायका व्यहोराहर देखिएका छन् ।** | |
| ४.१ | | | **संगठन तथा व्यवस्थापन सर्वेक्षण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत भएको तर त्यस अुनसार पदपूर्ति भएको देखिएन । कार्यालयको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमामात्र स्वीकृत दरवन्दी अनुसार पदपूर्ति गरिनु पर्दछ । | |
| ४.२ | | | **सेवा करारः** कार्यालयले कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत गरेर मात्र सेवा करारमा लिईनु पर्दछ । तर कार्यालयले करार सेवामा कर्मचारी राख्दा कामको तथा सेवा करारबाट कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गराउने गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ४.३ | | | **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयलर् त्यस अनुसारका योजना छनौट नगरी टुक्रे तथा अनुत्पादक र प्रतिफल नदिनेसमेतका योजनाहरु छनौट र कार्यान्वयन गर्न् गरेकोप देखियो । यसमा सुधार गरिदु पर्दछ । | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणालीः यसमा देहायका व्यहोराहरु देखिएका छन् ।** | |
| ५.१ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको देखिएन । साथै आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी देहायका कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ<br><br> स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने<br> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने<br> पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयारी<br> पालिकाले कार्यक्रमगत तथा योजनागत खाता  पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार<br> अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार<br> पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक<br> वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक<br> जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्ने<br> सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने<br> संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता<br> वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार<br> मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्ने र यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गर्ने कार्य | |

| | | | | |
|---|---|---|---|---|
| | | | □ नगदी रसिद नियन्त्रण खाता अद्यावधि गर्ने कार्य<br>□ अधुरा आयोजनाको समिक्षा गर्ने कार्य | |
| ५.२ | | | **म. ले. प. फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्धतिः** भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीकालागि भ्रमण अभिलेख राखेको भएतापनि अद्यावधिक नगरेको र फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राखे नराखेकोले यसम सुधार गरिनु पर्दछ । | |
| ५.३ | | | **बेरुजु लगतः** कार्यालयको बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा म. ले. प. फाराम ८०१ – बेरुजु लगत र म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन । यसमा सुधार गरनु पर्दछ । | |
| ६ | | | **खरिद व्यवस्थापनः यसमा देहायका व्यहोराहरु देखिएका छन् ।** | |
| ६.१ | | | **खरिद सम्झौता कार्यान्वयनः** कार्यलयले निर्माण कार्यहरु गराउँदा निर्माण कार्य सम्झौतामा तोकिएको म्याद भित्र कार्य सम्पन्न हुने, सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्ने, निर्माण गरिएको संरचनाको उद्वेश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित गर्ने नगरिएको, सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्शा पेश गर्ने र त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउने गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । | |
| ६.२ | | | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले सार्वजनिक परीक्षण गर्ने गरेको देखिएन । यसम सुधार गरिनु पर्दछ । | |
| ७ | | | **सम्पत्ति उपयोग र संरक्षण**<br>बबई गाउँपालिकाको सम्पत्ति उपयोग र संरक्षण सम्बन्धमा नियन्त्रण प्रणाली निम्नअनुसार छन् | |
| ७.१ | | | साविक गाउँपालिकाबाट सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक गर्ने, साविक संघीय विषयगत कार्यालयको सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक गर्ने तथा साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गर्नुपर्नेमा सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन । अभिलेख अद्यावधिक गरीनु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ७.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा आंशिक रुपमा लगत राखेको छ । लगत अद्यावधिक गरिनु पर्दछ । | |
| ७.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७(१) बमोजिम सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग, सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राख्ने, सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड तयार गर्ने, संरक्षण र उपयोग नीति तथा मापदण्डको पालना गर्ने र संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था भए पनि कार्यालयले अभिलेख राखेको तथा सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरेको देखिएन । ऐन बमोजिम सार्वजनिक सम्पत्तको संरक्षण गरिनु पर्दछ । | |
| ८ | | | **कानून निर्माण एवं व्यवस्थापन**<br>कानून निर्माण एवं व्यवस्थापन सम्बन्धमा पालिकाको नियन्त्रण व्यवस्था निम्नानुसार छन् : | |
| ८.१ | | | **कानून निर्माण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा हालसम्म १३ ऐन, ३ नियमावली, २६ कार्यविधि ८ अन्य कानुन लगायतका ४९ कानुनहरू निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको छ । प्रकाशित कानूनहरुको कार्यान्वयन हुनुपर्दछ । | |
| ८.२ | | | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ७५ र यो बर्ष थप भएको गरी कुल ७१ विवाद दर्ता भएकोमा ५३ वटा फछ्र्यौट भई ९३ विवाद फर्छ्यौट हुन बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फर्छ्यौट गर्न कारवाही गरी टुङ्गो लगाईनु पर्दछ । | |
| ९ | | | **कोभिड व्यवस्थापन**<br>कोभिड व्यवस्थापन सम्बन्धमा कार्यालयको नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९.१ | | | कार्य योजना -विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । कार्यालयले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना हुनुपर्दछ । | | |
| ९.२ | | | पालिकाले कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि गत वर्षको मौज्दात रु१७६५१७८। रहेकोमा यस वर्ष ग्रामीण महिला उत्थान केन्द्रवाट रु ११ लाख र बिभिन्न योजना र कार्यक्रम कटौती गरी प्रकोप व्यवस्थापन कोषमा जम्मा गरेको रु १०८५१०००। समेत रु १३७१६१७८। बाट रु १२८१४७५६। खर्च गरी रु ९०१४२२। मौज्दात रहेको छ । यसरी गरिएको खर्च मध्ये आईसोलेशन खर्च रु ५१६२२४४। उपकरण औषधि पिपिई सेट लगायतमा रु ६८७२५१७। खर्च लेख्दा आ व २०७६।७७ भुक्तानी दिन बाँकीको विवरण राखेको छैन । गत वर्ष र २०७७।७८ मा भएको खर्च छुट्टयाई खर्च गर्नु पर्नेमा नछुट्टयाई खर्च लेखेको छ । त्यस्तै राप्ती प्रादेशिक अस्पतालका स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीलाई खाना तथा खाजा वापत जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्रको निर्णय अनुसार रु २ लाख ५० हजार उपलव्ध गराएको छ । उक्त रकम जोखिम आँकलन तथा पूर्बतयारी कार्ययोजनाको आधारमा बजेट बिनियोजन गर्नु पर्नेमा सो अनुरुप विनियोजन भएको छैन । त्यस्तै गाउँपालिकाले खर्च गर्दा खर्चको मापदण्ड तयार गरी मापदण्डको आधारमा खर्च गर्नुपर्नेमा सो अनुरुप खर्च गरेको छैन । | | |
| ९.३ | | | कोभिड नियन्त्रण तथा रोकथामको लागि कोभिडसँग सम्वन्धित निर्देशिका एवं हेल्थ प्रोटोकल तयार तयार गर्ने र तीन तहका सरकारका निकायहरुको निर्देशिका एवं हेल्थ प्रोटोकल कार्यान्वियन गर्न समन्वय गर्नु पर्नेमा हेल्थ प्रोटोकल तयार गरेको र अन्तर सरकार विच समवन्य भएको देखिएन । यसमा सुधार हुनुपर्दछ । | | |
| ९.४ | | | प्रकोप व्यवस्थापन तथा नियन्त्रणको लागि खरिद गर्दा खरिद कार्यको पूर्वतयारी र आवश्यकता पहिचान गर्ने , खरिद कानून बमोजिम खरिद गर्ने खरिद भएका औषधि, कीट तथा उपकरणको गुणस्तर र स्पेशीफिकेशन बमोजिम रहेको यकिन गरेर मात्र भुक्तानी गर्नुपर्नेमा आ व २०७६।७७ को भुक्तानी र यसवर्षको खरिद समेत रु ६८७२५१२। को औषधि उपकरण किट खरिद गरेकोमा ४ सप्लायर्ससंग सिधै खरिद गरेको, खरिद गर्दा स्पेशिफिकेशन नतोकेको र खरिद भएका सामान कुन कुन स्थानमा के कति परिमाणमा प्रयोग भए सो को अभिलेख तथा नियन्त्रण प्रणाली अवलम्वन गरेको देखिएन । | | |
| ९.५ | | | प्राप्त विवरण अनुसार कार्यलयमा हालसम्म २ डोजको भेरोसेल ८०० भाईल भेरोसेल सिंगल डोजको २१६०भाईल कोभिशिल्ड १० डोजको ९० | | |

| | | | | |
|---|---|---|---|---|
| | | | भाईल ५ डोजको जेन्सन १०३० भाईल १० डोजको अष्ट्राजेनिका २०५ भाईल र ५ डोजको भेरोसेल १०४० भाईल प्राप्त गरी १७०६० डोज खोप प्राप्त भएको र १९६७६ जनालाई लगाईएको विवरण उपलब्ध गराएकोले प्राप्त खोप र लगाईएको संख्या विच फरक परेकोले कार्यलयको तथ्याँकिय प्रणाली भरपर्दो देखिएन । व्यवस्थित तथ्याँक राख्नु पर्दछ । | |
| १० | | | **बित्तिय विवरण परीक्षण**<br>गाउँपालिकाको बित्तिय विवरण सम्बन्धि नियन्त्रण वातावरण सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् : | |
| १०.१ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गरी तालुक निकायमा प्रगति पठाएको छैन । तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ। | |
| १०.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोष स्थापना गरेको छैन । ऐन बमोजिम अवकाश कोष स्थापना हुनुपर्दछ । | |
| ११ | | | **बजेट तथा कार्यक्रमः यसमा देहायका व्यहोराहरु देखिएका छन् ।** | |
| ११.१ | | | **बजेट सीमा र अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गरि समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा व्यवस्था छ । तर कार्यालयले पालिकाका विषयगत शाखा तथा वडा समितिलाई बजेट सीमा पठाउने नगरेको र राजश्व परामर्श समितिले बजेट वर्ष पछिका २ वर्षको अनुमान गर्ने गरेको देखिएन । यसम सुधार गरिनु पर्दछ । | |
| ११.२ | | | **बजेटको प्राथमिकिकरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी | |

| | | | | |
|---|---|---|---|---|
| | | | आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । | |
| ११.३ | | | **प्रोफाइलः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । तर कार्यालयले त्यस अनुसार श्रोत नक्शाङ्कन सहितको प्रोफाइल तयार गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । | |
| ११.४ | | | **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । कार्यालयको आ व २०७७।७८ को वार्षिक कार्यक्रममा चालु खर्च तर्फ भैपरी शिर्षकमा रु १५ लाख अबण्डा बजेट राखि हिउँदे सभाबाट बाँडफाँड गरि खर्च गर्ने गरेको देखियो । बजेट विनियोजन गर्दा बजेट अवण्डा राखि हिउँदे सभाबाठ बाँडफाँड गरि खर्च गर्ने कार्य नियन्त्रण गरिनु पर्दछ । | |
| १२ | | | **शिक्षा कार्यक्रम** | |
| १२.१ | | | कार्यालयले विद्यालयमा निकासा हुने रकमको स्पष्ट विवरण खुल्ने गरी विद्यालयगत निकासा रजिष्ट्रर राख्नुपर्नेमा राखेको छैन। विद्यालयहरुको लागि वास्तविक रुपमा निकासा हुनुपर्ने रकम र भुक्तानीको यथार्थ विवरण खुल्ने गरी निकासा रजिष्टर अद्यावधिक गर्नुपर्दछ। | |
| १२.२ | | | गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाई सो बमोजिम कार्य भए नभएको अनुगमन गर्ने, सोको प्रतिवेदन तयार गर्ने र प्रतिवेदन सार्वजनिक गर्ने गरेको छैन। सार्वजनिक विद्यालयहरुको अनुगमन गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ। | |
| १२.३ | | | स्थानीय तहले निजी विद्यालय व्यवस्थापनको लागि अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयहरुको अनुगमन गर्ने तथा निर्देशिकाले तोके अनुसार अध्ययन शुल्क निर्धारण गर्ने गरेको छैन। तोके बमोजिम निर्देशिका तयार गरी निजी विद्यालयको शुल्क निर्धारण गर्ने र सो अनुसार भए नभएको अनुगमन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| १२.४ | | | कार्यक्रम खर्च :- नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार फ्ल्यास रिपोर्टका आधारमा विद्यार्थि संख्याको आधारमा पाठ्यपुस्तक छात्रवृत्ति रकम दिवा खाजा, निरन्तर विद्यार्थि मूल्याङकन र बालविकास अनुदान रकम भुक्तानी दिनुपर्ने कानूनी व्यवस्था छ | |

| | | | | |
|---|---|---|---|---|
| | | | । कार्यालयले तोकिएको समय भन्दा ढिला गरी यसबर्ष पाठ्यपुस्तक अनुदान रु.३२,९२,०००।, दिवा खाजा बापत रु. ४९,२१,१५०।, छात्रवृत्ति तर्फ रु. १२,४९,०००।, र विद्यालय सञ्चालन अनुदानमा रु.७,२०,००० ।– समेत रु.१,०१,८२,१५०।निकासा गरेको छ। कार्यालयले तयार गरेको फ्ल्यास रिपोर्ट र दिवा खाजा हाजिरी लेखापरीक्षण समक्ष पेश भएन। फ्ल्यास रिपोर्ट र हाजिरी वेगर खर्च लेखेको रकम एकीन गर्न सकिएन। कार्यालयले विद्यालयगत विद्यार्थी संख्या अनुसार खर्च फरफारक गरी बाँकी रकम संघिय सञ्चितकोष फिर्ता गर्नुपर्दछ। | |
| १२.५ | | | कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७/७८ अनुसार स्थानीय तहले अनुगमन मापदण्ड निर्धारण गरी मातहतका विद्यालयहरुको अनुगमन गर्नुपर्दछ। सोको लागि कार्यालयले अनुगमन मापदण्ड तय गरेको छैन। अनुगमन मापदण्ड तय गरी सोको प्रगति प्रतिवेदन सार्वजनिक गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ। | |
| १३ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध तर्फ मात्र रु.२५,५३,३९६। खर्च गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १४ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस वर्ष कार्यालयले रु. २,४५,२५०।।- आर्थिक सहायता वितरण गरी खर्च लेखेको छ । आर्थिक सहायता वितरण कार्यविधि नबनाई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |
| १५ | | | **महोत्सव तथा अन्य खर्च**<br>**महोत्सव तथा अन्य खर्च** – स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । नमुना छनौट गरी परीक्षण गर्दा नगरपालिकाले 12 उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.३,००,०००।- खर्च गरेको छ । | |
| १६ | | | **राजश्व आन्तरिक नियन्त्रण** | |
| १६.१ | | | कार्यालयले गाउँपालिकाको क्षेत्र भित्रका सबै राजश्व श्रोतहरुको उचित लेखाङ्कन गरी सो अनुसार राजश्वको अनुमान गर्नुपर्दछ। कार्यालयले पालिका भित्रका भवन टहरा जग्गा पोखरी रोयल्टी विज्ञापन लगायतको विवरण अद्यावधिक गरेको छैन । यसमा सुधार गर्नुपर्दछ। | |
| १६.२ | | | कार्यालयले घरभाडा, व्यावसायिक कर लगायतका राजश्व शिर्षकहरुको लगत अद्यावधिक गरेको छैन। लगत अद्यावधिक गरी उठ्न बाँकी राजश्वको अभिलेख व्यवस्थित गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| १७ | २६३ | २०७८-३-२४ | | १५५,०९८ |

| | | | | |
|---|---|---|---|---|
| | | | **नन्फाइलर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सितापुर मार्ग स्तरोन्नती कार्यको लागि प्रमुदेव निर्माण सेवालाई मू.अ.कर रु. २२१५६८। समेत रु. १९२४६७५। भुक्तानी दिएकोमा २०७८।१०।१३ सम्म पनि सो संस्था २०७७ कार्तिक देखी कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। कार्यालयबाट भुक्तानी भएको मू.अ.कर रकम रु. १५५०९८।– को नियमानुसार कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु. | |
| १८ | | | **म्याद थप**- सार्वजनिक खरिद ऐन,२०६३ को ५६(२) मा कावु वाहिरको परिस्थिति,सार्वजनिक निकायले उपलव्ध गराउनु पर्ने कुरा उपलव्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद संझौताको अवधि नवढाई नहुने भएमा संझौता गर्ने व्यक्तिको निवेदन वमोजिम अधिकार प्राप्त अधिकारीले खरिद कार्यको अवधि वढाउन सकिने तथा नियमावलीको नियम १२० मा निवेदन प्राप्त भएपछि सम्वन्धित अधिकार प्राप्त व्यक्तिले सो सम्वन्धमा जाँचबुझ गर्नुपर्ने व्यवस्था छ । यसरी जाँचबुझ गर्दा संझौता बमोजिमको काम समयमै सम्पन्न गर्न भरमग्दुर प्रयार गरेको थियो वा थिएन, कार्यालयले उपलव्ध गराउनु पर्ने कुरा उपलव्ध गराएको थियो वा थिएन, काबु वाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भएको हो वा होइन भन्ने विषयमा विश्लेषण गर्नुपर्ने व्यवस्था छ ।२०७७ असार १३ मा बसेको कार्यपालिकाको बैठकले २०७६।७७ मा कोरोनाको कारण गाउँपालिकावाट ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेका प्रशासनिक भवन वडाका प्रशासनिक भवन आधारभूत स्वास्थ्य केन्द्र भवन सडक लगायतका योजनाहरुको म्याद आगामी आ व २०७७।७८ सम्मको लागि गर्ने निर्णय गरेको पाईयो । कार्यपालिकाले म्याद थप गर्दा २-३ महिनामा सम्पन्न हुने योजनाहरुको लागि पनि निर्माण व्यवसायीको निवेदन वेगर र कोरोना महामारीका कारण निर्माण सम्पन्न हुन नसकेका योजनाहरुको लागि बढीमा ६ महिना म्याद थप गर्न सकिने संघिय सरकारको निर्णय विपरित हुने गरी म्याद थप गरेको छ ।यथार्थतामा आधारित भई म्याद थप गर्ने कार्यालयको ध्यान जानु पर्दछ । | |
| १९ | | | **अधुरो स्वास्थ्य भवन निर्माण कार्यः** | |
| १९.१ | | | **वडा स्वास्थ्य भवन निर्माण कार्यः** कार्यालयले देहाय अनुसारका वडा स्वास्थ्य भवनहरु निर्माणको निर्माण कार्य आर्थिक वर्ष २०७५।७६ मा ठेक्का बन्दोवस्त गरि २०७७।३।२५ सम्ममा सम्पन्न गर्ने सम्झौता गरेको भएतापनि अधुरो रहेको र २०७६।७७ मा विनियोजन नभएकोले यो वर्ष देहाय अनुसार खर्च भुक्तानी गरेको देखियो । यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |

| भौ न | ठे न | निर्माण कार्य | व्यवसायीको नाम | सम्झौता अंक | २०७५।७६को खर्च रु | यो वर्ष खर्च रु | अवधि थपसमेत |
|---|---|---|---|---|---|---|---|
| १४-०७८।३।३ | ६-२०७५।७६ | आ स्वा भवन वडा ७ | जेन्सन कन्सट्रक्सन एण्ड जेन्सन सप्तालयर्स | २८०७६३६ | २४०५३४९ | ३९१९५५ | २०७७।९।२९ |
| | ३-२०७५।७६ | आ स्वा भवन वडा २ | ऐ | २८१४०६५ | १४४८००६ | ५६२५८० | ऐ |
| | ५-२०७५।७६ | आ स्वा भवन वडा ५ | ऐ | २६७७४२७ | १३४६१६३ | ५८४०६१ | ऐ |
| ३२-०७८।३।२४ | ४-२०७५।७६ | आ स्वा भवन वडा ४ | कश्यप निर्माण सेवा | २९९६९४६ | १८७९४७७ | १०२५९५६ | २०७८।३।२५ |
| ३३-०७८।३।२४ | २-२०७५।७६ | आ स्वा भवन वडा १ | ऐ | ३०७३३२० | ० | ४९१८६२ | ऐ |
| | | | जम्मा | १४३६९३९४ | ७०७८९९५ | ३०५६४१४ | |

१९.२ **निर्माण सम्पन्न भवनको एज बिल्ट नक्शा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम १ अनुसार खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिमको एज विल्ट नक्शा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । तर निर्माण व्यवसायी जेन्सन कन्स्ट्रकसन एण्ड जेन्सन सप्लायर्सले निर्माण सम्पन्न गरेको ३ वटा र कश्यप निर्माण सेवाले सम्पन्न गरेको १ भवनको एज विल्ट नक्शा तयार गरी पेश गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।

१९.३ **कार्य स्वीकार र कार्य सम्पन्न प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले निर्माण सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन बनाउनु पर्ने र नियम १२५ को उपनियम २ अनुसार निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । उल्लिखित निर्माण कार्यहरु मध्ये ठे न २-२०७५।७६ को कश्यप निर्माण सेवाले कबोल गरेको वडा न १ को वडा स्वास्थ्य भवन बाहेक अन्य निर्माण कार्यहरु सम्पन्न भएको देखिएको छ । तर कार्यालयले त्रुटी सच्याउने अवधि समाप्त नहुँदै अन्तिम बील भुक्तानी कै समयमा कार्य

| | | | | | |
|---|---|---|---|---|---|
| | | | स्वीकार र कार्य सम्पन्न प्रतिवेदन एउटैमा तयार गरेकोले निर्माण व्यवसायीलाई अनुचित लाभ पुग्न सक्ने देखिन्छ । अत: निर्माण कार्यको अन्तिम विल भुक्तानीका समयमा कार्य स्वीकार प्रतिवेदन बनाउने र त्रुटि सच्याउने अवधि समाप्त पश्चात मात्र कार्यसम्पन्न प्रतिवेदन बनाइनु पर्दछ । | | |
| १९.४ | | | **खरिदमा सम्झौताको म्याद थपः** लुम्विनी प्रदेश सरकारद्वारा २०७६।५।३ मा जारी सार्वजनिक खरिद सम्बन्धि प्रदेश नियमावलीमा निर्माण कार्यको अवधि थप, वीमा व्यवस्था, कार्य स्वीकार, कार्य सम्पन्न , एज विल्ट नक्शा आदीका सम्बन्धमा केही उल्लेख गरेको देखिएन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार ऐन बमोजिम निर्माण व्यवसायीको काबू बाहिरको परिस्थिति सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसक्ने अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई निवेदन दिनुपर्ने र म्याद थप गर्ने अधिकारीले सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौता अनुसारको काम समय मै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको र कार्यालयले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएकव वा काबू वाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भए नभएको यकिन गरि अवधि थप गर्न सक्ने र म्याद थपकालागी अवधि समाप्त हुनु २१ दिन अगावै निवेदन दिनुपर्ने व्यवस्था छ । तर कार्यालयले उक्त निर्माण कार्यहरु मध्ये ३ निर्माण कार्यको २०७७।९।२९ सम्म र २ निर्माण कार्यको अवधि २०७८।३।२५ सम्मकोलागी अवधि थप गरेको देखियो । उक्त निर्माण व्यवसायीले निर्माण कार्यको कार्यतालिका तथा कार्य योजना तयारै नगरेको र सम्झौता अनुसारको कार्य कार्यान्वयनकालागी प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने, बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लागयत सम्झौता कार्यान्वयनको वित्तीय पक्षको व्यवस्थापन कार्य गरेको देखिएन । जसका कारण निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्न निर्माण व्यवसायीले भरमग्दुर प्रयास गरे नगरेको स्पष्ट हुन सकेन । उल्लिखत कार्यको विश्लेषण नै नगरी कार्यपालीकाले निर्माण कार्यको म्याद थप गर्ने गरेको देखियो ।<br>त्यस्तै वडा न १ को आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण कार्यको म्याद थपसमेतको अवधि २०७८।३।२५ सम्म रहेकोमा प्रथम रनिङ्ग वीलको रु ४,९१,८६२/- भुक्तानी दिएकोले कार्य सम्पन्न नभएकोमा निर्माण व्यवसायीले म्याद थपकालागी २०७७।३।१७ म निवेदन दिएकोमा कार्यालयले कुनै कारवाही गरेको देखिएन ।<br>अतः निर्माण व्यवसायीको उल्लिखित पक्षको विश्लेषण नगरी निर्माण कार्यको अवधि थप गर्ने कार्यमा सुधार गरिनु पर्दछ । | | |
| १९.५ | | | **खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।<br>· **क)** खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने<br>· **ख)** सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने<br>· **ग)** सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने<br>· **घ)** निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य<br>· **ङ)** बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने | | |

· **च)** सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने

१९.६ **कार्य सम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा स्वीकृत बोलपत्रको वोलपत्रदाताले बाणिज्य बैकबाट जारी भएको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित निर्माण कार्यको त्रुटी सच्याउने दायित्व (डिफेक्टिभ लायविलिटि) को अवधि भन्दा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा देहाय हुनपर्ने मान्य अवधि भन्दा घटी अवधिको देखियो । यसमा सुधार गरिनु पर्दछ ।

| ठे न | निर्माण कार्य | व्यवसायीको नाम | सम्पन्न गर्नुपर्नेअवधि | का स जमानतको अवधि | का स को हुनपर्ने अवधि |
|---|---|---|---|---|---|
| ६-२०७५।७६ | आ स्वा भवन वडा ७ | जेन्सन कन्सट्रक्सन | २०७७।९।२९ | २०७८।८।७ | २०७८।१०।२९ |
| ३-२०७५।७६ | आ स्वा भवन वडा २ | एण्ड जेन्सन सप्लायर्स | २०७७।९।२९ | २०७८।८।७ | २०७८।१०।२९ |
| ५-२०७५।७६ | आ स्वा भवन वडा ५ | ऐ | २०७७।९।२९ | २०७८।८।७ | २०७८।१०।२९ |
| ४-२०७५।७६ | आ स्वा भवन वडा ४ | कश्यप निर्माण सेवा | २०७८।३।२५ | २०७९।६।२२ | ठिक |
| २-२०७५।७६ | आ स्वा भवन वडा १ | ऐ | २०७८।३।२५ | २०७९।६।२२ | ठिक |

१९.७ **बीमा गर्ने कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेह १० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्याउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा हुने जोखिमसमेतको बीमा गराउनु पर्ने व्यवस्था छ । उल्लेखित अनुसारको निर्माण कार्यमा निर्माण व्यवसायीहरुले बीमा गराएको देखिएन । कार्यालयले निर्माण कार्यको निर्माण अवधि थप गर्दासमेत बीमा गराउने कुनै प्रयास नगरेकोले निर्माणस्थलको जोखिम नियन्त्रण हुन सकेन । अतः दश लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गराउँदा उल्लिखित अनुसार बीमा गराई निर्माणस्थलमा हुने जोखिम नियन्त्रण गरिनु पर्दछ ।

२० **मदन आश्रितनगर टोल सडक निर्माण कार्यः**

२०.१ | ३१ | २०७८-३-२४ **सडक निर्माण कार्यः** कार्यालयले लागत अनुमान मु अ कर समेत रु ९७,६७,०५०।५८ भएको मदन आश्रित नगर टोल सडक निर्माण कार्यको सूचना प्रकाशनमा परेका ९ वोलपत्रदाता मध्ये सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी वेष्टर्न डेभलपमेण्ट कन्स्ट्रक्सनको कबोल अङ्क रु ५४,५७,४२७।५० को ठेक्का २०७८।३।२५ सम्ममा सम्पन्न गर्ने गरि २०७७।११।९ मा ठेक्का सम्झौता गरेको देखियो । यो वर्ष उक्त सडक

| | | | | |
|---|---|---|---|---|
| | | | निर्माण कार्यको प्रथम रनिङ्ग विलको रु ३०,६४,७०/- भुक्तानी गरेको र बाँकी कार्य सम्पन्न भएको देखिएन । यसम देहायका व्यहोराहरु देखिएका छन् । | |
| २०.२ | | | **खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।<br>· **क)** खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने<br>· **ख)** सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने<br>· **ग)** सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने<br>· **घ)** निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य<br>· **ङ)** बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने<br>· **च)** सम्झौता कार्यान्वयनको आवधिक प्रतिेदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने | |
| २०.३ | | | **खरिदमा सम्झौताको म्याद थपः** लुम्बिनी प्रदेश सरकारद्वारा २०७६।५।३ मा जारी सार्वजनिक खरिद सम्बन्धि प्रदेश नियमावलीमा निर्माण कार्यको अवधि थप, वीमा व्यवस्था, कार्य स्वीकार, कार्य सम्पन्न , एज विल्ट नक्शा आदीका सम्बन्धमा केही उल्लेख गरेको देखिएन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार ऐन बमोजिम निर्माण व्यवसायीको काबू बाहिरको परिस्थिति सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसक्ने अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई निवेदन दिनुपर्ने र म्याद थप गर्ने अधिकारीले सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौता अनुसारको काम समय मै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको र कार्यालयले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएकव वा काबू वाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भए नभएको यकिन गरि अवधि थप गर्न सक्ने र म्याद थपकालागी अवधि समाप्त हुनु २१ दिन अगावै निवेदन दिनुपर्ने व्यवस्था छ । तर कार्यालयले निर्माण कार्यको २०७८।३।२५ सम्म रहेकोमा अवधि २०७८।९।२५ सम्मकोलागी अवधि थप गरेको देखियो । उक्त निर्माण व्यवसायीले निर्माण कार्यको कार्यतालिका तथा कार्य योजना तयारै नगरेको र सम्झौता अनुसारको कार्य कार्यान्वयनकालागी प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने, बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लागयत सम्झौता कार्यान्वयनको वित्तीय पक्षको व्यवस्थापन कार्य गरेको देखिएन । जसका कारण निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्न निर्माण व्यवसायीले भरमग्दुर प्रयास गरे नगरेको स्पष्ट हुन सकेन । उल्लिखत कार्यको विश्लेषण नै नगरी कार्यालयले निर्माण कार्यको म्याद थप गर्ने गरेको देखियो । यसमा सुधार गरिनु पर्दछ । | |
| २०.४ | | | **बीमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेह १० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्याउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा हुने जोखिमसमेतको बीमा गराउनु पर्ने व्यवस्था छ । उक्त निर्माण कार्यको वि ओ क्यूमा विमा गराउन मु अ कर बाहेक | |

| | | | | |
|---|---|---|---|---|
| | | | रु ३०,०००/- बीमा व्यवस्था भएतापनि निर्माण व्यवसायीुले बीमा गराएको देखिएन । कार्यालयले निर्माण कार्य २०७७।११।१२ मा शुरु भएकोमा २०७८।१०।१२ सम्म विमा गराएको देखिएन । कार्यालयले निर्माण अवधि २०७८।९।२५ सम्म थप गर्दासमेत बीमा गराउन नलगाएकोले निर्माणस्थलको जोखिम नियन्त्रण हुन सकेको देखिएन । अतः उल्लिखित निर्माण कार्यको बीमा गराई निर्माणस्थलमा हुने जोखिम नियन्त्रण गरिनु पर्दछ । साथै निर्माण व्यवसायीले बीमा दावी गरेका समयमा वीमा नगराएको अवधिको बीमा रकम दामाशाहीले कट्टा समेत गरिनु पर्दछ । | |
| २१ | | | **गाउँपालिका जाने सडक स्तरोन्नति ठेनं १-२०७६।७७**<br>गाउँपालिका जाने सडक स्तरोन्नति कार्यको लागि आ व २०७६।७७ मा थ्रि जि कन्सन्ट्रक्सनले कवोल गरेको रु ५८३४९७२।०९ मा म्यादथप समेत २०७७।३।१६ मा सम्पन्न गर्नेगरी सम्झौता भएको र गतवर्षको रु २६२४०७३ र यस वर्ष रु ४०१८०१३। समेत रु ६६४२८७६। भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| २१.१ | | | **कार्यसम्पादन जमानत-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० ४ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्याउने अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ ।२०७७ असार १३ मा बसेको कार्यपालिकाको बैठकले २०७६।७७ मा कोरोनाको कारण गाउँपालिकावाट ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेका प्रशासनिक भवन वडाका प्रशासनिक भवन आधारभूत स्वास्थ्य केन्द्र भवन सडक लगायतका योजनाहरुको म्याद आगामी आ व २०७७।७८ सम्मको लागि थप गर्ने निर्णय निर्णय अनुसार यस कार्यको कार्यसम्पन्न गर्ने अवधि २०७८ असार सम्म रहेकोले कार्यसम्पादन जमानतको अवधि २०७९ श्रावणसम्मको पेश गर्नुपर्नेमा निर्माण व्यवसायीले पेश गरेको प्रभु बैकको रु १५१४०४४। को कार्यसम्पादन जमानतको म्याद २०७८।८।३ सम्म रहेकोले २०७९। ४।४ सम्म मान्य अवधि रहेको जमानत पेश गर्नु पर्ने रु | १,५१४,०४४ |
| २१.२ | | | **भेरियसन-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । कार्यलयको २०७७।८।५ को स्वीकृत भेरिएसन टिप्पणीमा निर्माण व्यवसायीले २०७७।८।५ मा निवेदन भेरीएसनको लागि निवेदन दिएको र कार्य गराउने क्रममा थप काम गर्नु पर्ने आवश्यकता देखिएकोले गर्न गराउन लगाईएको तथा अन्य बिभिन्न आईटमहरुमा केही प्रतिशतमा तलमाथि हुन जाँदा अन्तिम मूल्याँकन रु ४०१८८०३ भएको तर सम्झौता अनुसार रु ३३२३८०३। हुने भएपनि भेरिएसन रु ६९४९३७। ले १०.४६ प्रतिशत भेरिएसन समेत भुक्तानी दिने निर्णयको आधारमा भौ नं ४१ ०७७।८।६ बाट रु ४०१८८०३। खर्च लेखेको छ । स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी भेरिएशन आदेश जारी गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| २१.३ | | | **कोटेशनवाट थप काम** - गाउँपालिका जाने सडक स्तरोन्नति कार्यको १०.४६ प्रतिशत भेरीएशन समेत रु ६६४२८७६। भुक्तानी भएको निर्माण कार्यमा निर्माण कार्य सम्पन्न नहुँदै सडक सफा गर्ने १०३३.४ घमी र सववेश तयार गर्ने २६०. ४६ घमीको रु. ४,८७,१०८।- को लागत अनुमान तयार गरी आरम्भ निर्माणसेवाबाट रु. ४,८५,८९४।- को कार्य गराई भौ नं ३९-०७७।८।६ बाट भुक्तानी दिएको उचित नदेखिएको रु | ४८७,१०८ |

| | | | | |
|---|---|---|---|---|
| २२ | | | **गाउँपालिका शाखा भवन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । लागत अनुमान रु ७९९४८०४।८० रहेको गाउँपालीका शाखा भवनको लागि २०७६।७७ मा ठेक्का व्यवस्थापन भएको र त्रिशक्ति कन्स्ट्रक्सनले कवोल गरेको रु ५७८८९००। मा २०७७ असार १६ मा सम्पन्न गर्ने गरी २०७६ चैत्र ७ मा सम्झौता भएको थियो । निर्माण व्यवसायीले २०७७।४।२५ मा अन्तिम विल भुक्तानीको लागि निवेदन दिएकोमा पुन २०७७।४।२८ मा भेरीएसन पाउन निवेदन दिएको देखियो । कार्यालयले २०७७।८।५ मा तयार गरेको टिप्पणी आदेश अनुसार First class brick 1:4 brick masonry कार्य जमिनको लेभलले गर्दा बिओक्युमा ९३.२९ घमी रहेकोमा १२० घमी हुन पुगेको काठको काम कार्य गराउँदै जाँदा आवश्यकता महसुस भई थप काम गर्न लगाईएको सेफ्टिट्याँकको काम गर्नु परेको तथा अन्य केही आईटममा तलमाथि हुन गई ७।८४ प्रतिशतले भेरीएसन हुन गई रु. ४५२४७३।- भेरीएसन स्वीकृत गराई भौ नं ४० ०७७।८।६ बाट रु. १७२५१६३।- भुक्तानी दिएको छ । पूर्वानुमान गर्न सकिने विषयमा लागत अनुमान तयार गर्दा बिचार पुर्याएको देखिएन । लागत अनुमान यथार्थपरक बनाउनु पर्दछ । | |
| २३ | | | **गाउँपालिका प्रशासकिय भवन**<br>लागत अनुमान रु २२८३३०६२।३३ रहेको गाउँपालिका प्रशासकिय भवन निर्माण कार्यको लागि आ व २०७६।७७ मा ठेक्का व्यवस्थापन भएकोमा कौशिल बस्नेत नव सिर्जनशिल सिलेट जेभीले कवोल गरेको रु २२६९१२४८।५७ मा म्याद थप समेत २०७८ असार मसान्त सम्ममा सम्पन्न गर्नेगरी २०७६।९।१६ सम्झौता भएको र गतवर्षको रु १७५०६९६४ र यस वर्ष रु १०६४९७९०। समेत रु २८११५६७५४। भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| २३.१ | | | **भेरिएसन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । उक्त निर्माण कार्यमा प्राविधिक राय अनुसार प्लेन्थ लेभलको हाईट वढाउनु पर्ने, सेफ्टि ट्याँक र वाटर ट्याँक भवनको एरिया बाहिर बनाउनु पर्ने, कोठा पार्टेशन गर्नुपर्ने, भवनको वरीपरी पेटी लगाउनु पर्ने तथा बिओक्यूमा Reinforcement work construction of brick masonry wall, plaster work, filling work, excavation work को परिमाण पर्याप्त नभएकोले थप गर्नुपर्ने र ड्रईङ्मा नभएको Front porch को कार्य थप गर्नुपर्ने सिफारिशका आधारमा सुरु सम्झौता रकमको २४.५५ प्रतिशतले कार्यपालिकाको २०७७।१। ८ को निर्णयवाट भेरीएसन आदेश जारी गरेको छ । लागत अनुमान तयार गर्दा पूर्वानुमान गर्न सकिने विषयमा समेत परिमाण थप गरेको गर्नुपर्ने कामको परीमाणनै समावेश नगरेकोले लागत अनुमान यथार्थपरक देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| २३.२ | | | **कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० (४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्याउने अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । २०७७।११।४ को कार्यपालिकाको बैठकले २०७८ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गर्दा कार्यसम्पादन जमानतको अवधि २०७९ श्रावणसम्मको पेश गर्न लगाउनु पर्नेमा निर्माण व्यवसायीले पेश गरेको २०७८।११।१५ सम्म मान्य अवधि रहेको कृषि विकास बैकको रु. ११,४५,५००।- को कार्यसम्पादन जमानतको पेश गरेकोले त्रुटी सच्याउने अविध सम्मको जमानत थप हुनुपर्ने रु. | १,१४५,५०० |

| | | | | |
|---|---|---|---|---|
| २४ | | | **ज्वाला मार्ग स्तरन्नोति ठे नं ४-२०७७।७८**<br>लागत अनुमान रु ५०३५०४२।४६ रहेको ज्वाला मार्ग स्तरोन्नती कार्यको लागि ठेक्का व्यवस्थापन गर्दा जेन्सन कन्स्ट्रक्सन एण्ड जेन्सन सप्लायर्सले कवोल गरेको रु ४३७६३१ मा २०७८।२।२ मा सम्पन्न गर्नेगरी २०७७।८।२१ मा भएको सम्झौताको रु २२९२९३८। भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| २४.१ | 215 | २०७८-३-१५ | **प्रोभिजनल समको भुक्तानी** - प्रोभिजनल सम आटममा रहेको विमा र प्रयोगशाला परीक्षण वापत रु. ४००००। भुक्तानी दिएकोमा निर्माण व्यवसायीलाई विमाको कर विजक तथा प्रयोगशाला परीक्षणको प्रमाण र प्रयोगशालामा तिरेको रसिद सहित पेश भएको अवस्थामा भुक्तानी दिनु पर्नेमा कर विजक वेगर रु. ४००००।- भुक्तानी दिएकोले प्रमाण पेश गर्ने अन्यथा असूल हुनुपर्ने रु | ४०,००० |
| २४.२ | २१५ | २०७८-३-१५ | **नन्फाइलर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जेन्सन कन्स्ट्रक्सन एण्ड जेन्सन सप्लायर्स (पान नं.३०४४३७८४९) लाई मू.अ.कर रु. २६३७८९। समेत रु. २२९२९३८। भुक्तानी दिएकोमा २०७८।१०।१३ सम्म पनि सो संस्था २०७७ कार्तिक देखी कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। कार्यालयबाट भुक्तानी भएको मू.अ.कर रकम रु. १८४६५२।– को नियमानुसार कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु. | १८४,६५२ |
| २५ | | | **एक ठेक्काको काम पुरा नहुँदै अर्को ठेक्का** - लागत अनुमान रु ७०८६५००। रहेको पन्चकुले चरकमटिया सडक स्तरोन्नती कार्यको लागि ठेक्का व्यवस्थापन गर्दा सवैभन्दा कम कवोल गर्ने राप्ती विल्डर्सले कवोल गरेको रु ३८४०५७४।७३ मा मिति २०७८।३।२५ मा सम्पन्न गर्ने गरी २०७७।११।५ मा सम्झौता गरेको र म्याद समाप्त हुने अवधि सम्म सव वेशकार्यको quantity calculation sheet असार चेनेज ०+००० देखि ०+६२४ providing, laying, spreading, watering, levelling and compaction ५४९.५१ घमी कार्यको रु १४१०९७२। मूल्याँकन भएको छ । सोही सडकमा बचत रकमबाट पुन रु. ३२,४६,०२३।- को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेकोमा सोही निर्माण व्यवसायीको एकमात्र वोलपत्र परी निजले कवोल गरेको रु. ३१,४१,२२४।- मा सम्झौता मितिले ६ महिनाभित्र कार्यसम्पन्न गर्ने गरी २०७८।२।२३ मा सम्झौता गरेको र उक्त ठेक्काको पहिलो विल तयार गर्दा बेश कोर्स कार्यको quantity calculation sheet अनुसार चेनेज ०+००० देखि ०+३३० providing, laying, spreading, watering, levelling and compaction २५३.५३ घमीको रु. १४,८१,८०९। मूल्याँकन गरी दुवै कार्यको २६८-२०७८।३।२४ बाट रु. २८,९२,७८१।- भुक्तानी दिएको छ । लागत अनुमान तयार गर्दा दुवै ठेक्काको चेनज उल्लेख नगरेको, एउटा ठेक्काको कार्य सम्पन्न नहुँदै अर्को ठेक्का व्यवस्थापन गरेको र नापी गर्दा एकै चेनेजको नापजाँच गरेकोले काममा दोहोरोपना छैन भन्ने अवस्था देखिएन । एउटै चेनेजमा पहिलो ठेक्का सम्पन्न भएपश्चात मात्र अर्को ठेक्का व्यवस्थापन गरिनु पर्दछ । | |
| २६ | २ | २०७७-९-१४ | **विपन्न घरधुरीकालागी खरको छाना विस्थापित कार्यक्रमः**<br>**जस्तापाता खरिदः** कार्यालयले विपन्न घरधुरीकालागी खरको छाना विस्थापपित गर्ने कार्यक्रम अन्तरगत खरिद तथा वितरण गरेका जस्तापाताहरु लाभग्राहीले प्रयोग गरि घर निर्माण कार्य सम्पन्न भएको हुनु पर्दछ। कार्यालयले लागत अनुमान मु अ करसमेत रु ९९,९९,५३७।९७ भएको जस्तापाता खरिदको सूचना प्रकाशन गरि ठेक्का बन्दोबस्त गर्दा घटी कबोल गर्ने आपुर्तक श्री पश्चिमान्चल हार्डवेयरको २०७७।७।१८ को विजक न ३०१ अनुसार गो भौ न २/७ मिति २०७७।९।१४ र २०७७।१०।५ बाट मु अ कर समेत रु ९०,४३,८४५।- | ९,०४३,८४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मूल्यका जस्तापाता खरिद गरि वितरण गरेकोमा प्रयोग गरि तयार गरिएका घर निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन र नापीको मूल्यांकन गरेको देखिएन । अतः उल्लिखत कार्यको कार्यसम्पन्न प्रतिवेदन र नापीको मूल्यांकन पेश गर्नु पर्ने देखिएको रु | | |
| २७ | | | **बबई कृषि तथा पशु उद्यमशिलता विकास कार्यक्रम**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा जनचेतना तलिम अभिमुखिकरण सवलिकरण मूल प्रवाहिकरणजस्ता कार्य गैरसरकारी संस्थावाट गराउँदा छिटो छरितो प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्थावाट तोकिएबमोजिम प्रक्रिया अपनाई त्यस्तो कार्य गर्न सकिने व्यवस्था छ । कार्यालयले २०७७।११।१४ मा साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि तयार गरेको र कार्यविधिको उद्देश्य मध्ये गाउँपालिकाले संचालन गर्ने कार्यमा लागत न्यूनीकरण गरी स्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह गर्नु रहेको छ । कार्यलयले २०७७।११।२२ र २०७८।१।३ मा सूचना प्रकाशन गरी लागत सहभागीतामा काम गर्न प्रस्ताव आव्हान गरेकोमा हेफर प्रोजेक्टको एकमात्र प्रस्ताव परेको र सो संस्थासंग २०७८।२।१८ मा सम्झौता गरेको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नअनुसार छन् ।<br>:<br>**क)** सूचना प्रकाशन पूर्व कार्यालयले परियोजनाको प्रस्ताव, लगानीका क्षेत्र तरिका लगायतका विषय, कार्यक्षेत्रगत शर्त लगायतका विषयहरु तयार पारेको देखिएन ।<br>**ख) काममा दोहोरोपना** - साझेदारी सम्झौता पत्र अनुसार परियोजनाको मुख्य उद्देश्य आवद्ध लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरु तथा सहकारीमा आवद्ध गर्दै सामाजिक पूँजीको अभिबृद्धि गर्ने, व्यवसायीक कृषि तथा तरकारी उपजहरुको उत्पादन तथा उत्पादकत्व अभिबृद्धि र वजार व्यवस्थापन, सुधारिएको बाख्रा तथा डेरी व्यवस्थापन र उन्नत प्रविधिको अनुशरणवाट बाख्राको उत्पादन उत्पादकत्व र उद्यमशिलता अभिबृद्धि र बजार व्यवस्थापन, बाख्रा बिषयगत क्षेत्रको लागि संस्थागत संयन्त्र निर्माण गर्नु रहेको देखिन्छ ।कार्यालयको कृषि तथा पशु शाखाले सोही प्रकृतिको कार्य जस्तै लागत साझेदारीमा बाख्रा वितरण कृषि यन्त्र वितरण गरी कृषकको क्षमता तथा व्यवसायीकता अभिबृद्धि कार्यक्रमहरु संचालन गरिरहेकोले काममा दोहोरो पना आउने देखिन्छ ।<br>**ग) लागत मितव्यिता** - कार्यपालिकाको निर्णय अनुसार छनौट भइ २०७८।२।८ मा संस्थाले प्रस्ताव गरेको कूल बजेट रु ४ करोड ३६ लाख मध्ये ७५ प्रतिशत रु ३ करोड २७ लाख गाउँपालिकाले र २५ प्रतिशत रु १ करोड ९ लाख हेफर प्रोजेक्टले व्यहोर्ने रहेको छ । प्रोजेक्टले व्यहोर्ने रकम उसका कर्मचारी र प्रशासनिक कार्यमा मात्र खर्च गर्ने र गाउँपालीकाले व्यहोर्ने रकम कृषि तथा पशुविकास कार्यक्रममा खर्च गर्ने रहेको छ । गाउँपालिकाले संचालन गरेका यस्ता कार्यक्रममा कृषकहरुको ५० प्रतिशत सम्म लागत सझेदारी रहेको देखिन्छ । गाउँपालकाको कृषि तथा पशु शाखाका आफ्नै कर्मचारीहरु परिचालन गरी यस प्रकारको कार्यक्रम संचालन गर्दा लागत मितव्ययी तथा प्रभावकारी हुनेमा अधिकाँश लागत कार्यालयले व्यहोर्ने परियोजना गैर सरकारी संस्था मार्फत गराएको उपयुक्त देखिएन ।<br>**घ) पेश्की** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ क १ मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नवढ्ने गरी पेश्कि दिन सकिने व्यवस्था विपरित बैंक जमानत वेगर भौ नं १९२-०७८।३।७ मा रु १५००००० पेश्की दिएको छ । ऐन बमोजिम बैंक जमानत लिएरमात्र पेश्की दिईनु पर्छ । | | |
| २८ | | | **उपभोक्ता सम्बन्धी कार्य**<br>गाउँपालिकाले उपभोक्ता समिति मार्फत काम गराउन सम्झौता गरी भुक्तानी भएका कार्यहरुमध्ये नमुना छनौटका आधारमा परीक्षणा गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन् | | |
| २८.१ | | | **सार्वजनिक भवन निर्माण**– सार्वजनिक खरिद ऐन २०६३ को नियम ४४ मा उपोक्ता समितिवाट निर्माण कार्य गराउँदा मितव्ययिता गुणस्तरीयता वा दिगोपनमा अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्यनै रोजगारी सृजना गर्ने भएमा तोकिएको कार्यविधि पुरा गरी उपभोक्ता संग कार्य गराउन सकिने व्यवस्था छ । त्यस्तैखरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्यहरु उपभोक्ता समिति मार्फत गर्न नहुने, उपभोक्ता | | १०,४३८,४३४ |

समिति मार्फत हुने निर्माण कार्यमा जनसहभागिताको अंश रहनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ताको श्रम सहभागिता हुन नसक्ने तथा उपभोक्ताको स्वामित्वमा नरहने सार्वजनिकभवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको छ । सम्झौतामा उपभोक्ता समितिको लागत सहभागिता रहने गरी निर्माण कार्यको सम्झौता गरेपनि उपभोक्ता समितिवाट जनसहभागिताको अंश प्रयोग हुने अवस्था देखिंदैन । त्यस्तै भवन निर्माण पश्चात मर्मत सुधार कार्य कसले गर्ने, सम्झौता बमोजिम कार्यसम्पन्न नगर्ने, कार्यसम्पन्न नभएकोमा उपभोक्ता समितिलाई जिम्मेवार बनाई कारवाही नहुने अवस्था देखिन्छ । अतः स्वास्थ्यभवन तथा गाउँपालिकाको कार्यालय भवनसंग सम्बन्धित निम्नानुसारको निर्माण कार्यउपभोक्ता समिति मार्फत गरेको नियमसम्मत नदेखिएको रु.

| भौ नं मिति | योजनाको नाम | लागत अनुमान | कार्यलयले व्यहोर्ने रकम | समितिले व्यहोर्ने रकम | कार्य सम्पन्न रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १५ ०७७।५।१० | गाउँपालिका क्याण्टिन भवन | १०६८८५२ | ९७०००० | ९८८५२ | १०७०१३८ | ९७०००० |
| २५ ०७७।५।२३ | अधुरो स्वास्थ्य चौकी भवन | १०६७७७८ | ९७०००० | ९७७७८ | १०६७७७८ | ९७०००० |
| २६ ०७७।५।३० | गाउँपालिका कार्यलय परिसरमा गर्डेन निर्माण | ४२६८११२ | ३८८०००० | ३८८११२ | ३००४६६० | २६१६५५८ |
| २८ ०७७।६।६ | कार्यालय प्रवेश द्वार र गार्ड हाउस निर्माण | ३२०१००० | २९१०००० | २९१००० | २३३२०९४ | २०९८८८५ |
| ३१७ ०७८।३।३० | प्रशासकिय भवन नजिक गाडी पार्क निर्माण | २५६७७१६ | २३२७९९१ | २३९७२४ | २५६९६३४ | २३२७९९१ |
| १५१ ०७८।२।२६ | वडा नं ४ मा स्वास्थ्य ईकाई भवन र पर्खाल निर्माण | १६००८२८ | १४५५००० | ४५८२८ | १६०३०७९ | १४५५००० |
| जम्मा | | | | | | १०४३८४३४ |

| | | | | |
|---|---|---|---|---|
| २८.२ | | | सार्वजनिक खरिद ऐन २०६३ को नियम ४४ मा उपोक्ता समितिवाट निर्माण कार्य गराउँदा मितव्ययिता गुणस्तरीयता वा दिगोपनमा अभिबृद्धि हुने | २,१६१,२०० |

भएमा वा परियोजनाको मुख्य उद्देश्यनै रोजगारी सृजना गर्ने भएमा तोकिएको कार्यविधि पुरा गरी उपभोक्ता संग कार्य गराउन सकिने व्यवस्था छ त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ मा उपभोक्ता समिति मार्फत खरिद गराउने व्यवस्था छैन । कार्यालयले निम्नानुसारको बिद्युत विस्तार जस्तो जटिल प्रकृतिको कार्यको उपभोक्ता समिति मार्फत खरिद गरी जडान गराई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| भौ नं मिति | योजनाको नाम | लागत अनुमान | कार्य सम्पन्न | उपभोक्ता मार्फत खरिद | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १९१-०७८।३।७ | वडा नं १ मा विद्युत विस्तार | १६११५३८ | १५९३८०१ | १०३६९८४ | १४८२२०० |
| २४७-०७८।३।२२ | वडा नं ५ मा विद्युत विस्तार | ७४७२६० | ७४९४७० | ४५३६९५ | ६७९००० |
| जम्मा | | | | | २१६१२०० |

२९ **पदाधिकारी सेवा सुविधा**

यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्;

२९.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ५ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा २ हजार रुपैंया सम्म र सो भन्दा कमको यातायात खर्च, ढुवानी खर्च र त्यस्तै विल भरपाइ पेश हुन नसक्ने स-साना काममा भएको फुटकर खर्च भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.१९,८०,०००।-, टेलिफोन तथा मोवाइल रु.१२,३४,०००। पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.११,१६,०००।-, समन्वय तथा सहजीकरणमा रु.१९,०८,०००।- अतिथि सत्कारमा रु. ४,६८,०००।- खानेपानी विजुली सरसफाईमा रु.२,८८,०००।- , मर्मत सम्भार बापत रु.२,८८,०००।- र चाडवाड खर्च रु.३,३५,०००। समेत रु.७६,१७,०००।- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उद्देश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन। अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| २९.२ | | | खानेपानी तथा सरसफाई, मर्मत सम्भार र विद्युत खर्च स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७६ लाई संशोधन गर्न बनेको विद्येयकको दफा ४ अनुसार मूल ऐनको अनुसूचीको खण्ड (क) को गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको क्रम संख्या ८ को खानेपानी तथा सरसफाई सुविधा बापत वडाध्यक्षको कोलममा भएको रु.२०००। र क्रम संख्या ९ को मर्मत सम्भार र विद्युत बापतको रु.२०००। झिकेको छ। कार्यालयले आर्थिक बर्ष २०७७/७८ मा वडाका वडाध्यक्षहरुलाई खानेपानी तथा सरसफाई सुविधा र मर्मत सम्भार र विद्युत बापतको रु.२०००। समेत मासिक रु.४०००। को दरले ७ जनाको बार्षिक रु. ४८,०००। को दरले हुने रु.३,३६,०००। र आर्थिक बर्ष २०७६/७७ को ९ महिनाको रु.४०००। को दरले रु.२,५२,००० समेत रु ५,८८,०००। भुक्तानी दिएकोले ऐन अनुसार नपाउने सुविधा असुल हुनुपर्ने रु. | ५८८,००० |

| वडा नं. | वडाध्यक्षको नाम | आ.व २०७६/७७ को रकम | आ.व २०७७/७८ को रकम | जम्मा रकम |
|---|---|---|---|---|
| १ | खड्क बहादुर कुँवर | ३६००० | ४८००० | ८४००० |
| २ | चिन्तामणी शर्मा | ३६००० | ४८००० | ८४००० |
| ३ | नन्दलाल वली | ३६००० | ४८००० | ८४००० |
| ४ | टेक बहादुर वली | ३६००० | ४८००० | ८४००० |
| ५ | डम्बर बहादुर सिरिस | ३६००० | ४८००० | ८४००० |
| ६ | राम बहादुर के.सी | ३६००० | ४८००० | ८४००० |
| ७ | महाविर चौधरी | ३६००० | ४८००० | ८४००० |
| | जम्मा | २५२०००। | ३३६०००। | ५८८०००। |

| | | | | |
|---|---|---|---|---|
| २९.३ | | | दोहोरो सुविधा :- कार्यालयले पदाधिकारीहरुलाई दोहोरो सुविधा हुने गरी खर्च लेख्नु हुदैन । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षले सरकारी सवारी साधन र सो बापतको इन्धन सुविधा लिएको अवस्थामा पुन यातायात खर्च बापत निम्नानुसार रु.२,६४,०००।भुक्तानी लिएकोले दोहोरो सुविधा रकम असुल हुनुपर्ने रु. | २६४,००० |

| पदाधिकारीको नाम | मासिक सुविधा | महिना | जम्मा रकम |
|---|---|---|---|
| अध्यक्ष भुवनेश्वर पौडेल | १२००० | ११ | १३२००० |
| उपाध्यक्ष सावित्री विश्वकर्मा | १२००० | ११ | १३२००० |
| जम्मा | | | २६४००० |

२९.४ **सवारी साधन सुविधा** – लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ४ मा पदाधिकारीहरुलाई सम्बन्धित स्थानीय तहले सवारी सुविधा उपलब्ध गराउने र उपलब्ध नभएको अवस्थामा त्यस्तो पदाधिकारीले यातायात भत्ता पाउने ब्यवस्था छ । कार्यालयको जिन्सी खाता परिक्षण गर्दा सवारी सधान प्रयोग गरिरहेका पालिकाका निम्न वडा अध्यक्षहरुले यातायात खर्च पाउनकै लागि कार्यालयको सवारी साधन फिर्ता गरेका छन् । पदाधिकारीहरुले सवारी साधन फिर्ता गरेतापनि वडा सचिवहरुलाई बुझन लगाई निजहरु स्वयंले प्रयोग गर्ने गरेको बुझियो । कार्यालयले पदाधिकारीका लागि खरिद भएका मोटर साईकलहरु फिर्ता गरेको आधारमा यस बर्ष यातायात साधन प्रयोग नगर्ने ६ वडा अध्यक्षलाई मासिक रु.१०००० को दरले रु.१२,६०,०००। यातायात भत्ता दिएको छ। अतः कार्यालयमा सवारी साधन हुँदाहुँदै साविकमा सरकारी सवारी साधन प्रयोग गर्न नचाहेर प्रयोग नगरेका तथा सवारी साधन फिर्ता गरेका पदाधिकारीहरुको यातायात खर्च छानविन गरि असूल गर्नुपर्ने र यस प्रकारको खर्च नियन्त्रण गरिनु पर्दछ।

| क्र.स | पदाधिकारीहरुको नाम | पद | वडा नं | सवारीको किसिम | मूल्य | सवारी बूझेको मिति | सवारी फिर्ता गरेको मिति | फिर्ता गर्नूका कारण |
|---|---|---|---|---|---|---|---|---|
| १ | खड्क बहादुर कुबर | वडा अध्यक्ष | १ | मो.सा | २४२००० | 2/10/2075 | 6/26/2076 | यातायात खर्च लिएकोले |
| २ | चिन्तामणी शर्मा | वडा अध्यक्ष | २ | मो.सा | २४२००० | 2/10/2075 | 6/26/2076 | यातायात खर्च लिएकोले |
| ३ | नन्दलाल वली | वडा अध्यक्ष | ३ | मो.सा | २४२००० | 2/10/2075 | 6/26/2076 | यातायात खर्च लिएकोले |
| ४ | डम्बर बहादुर सिरिस | वडा अध्यक्ष | ५ | मो.सा | २४२००० | 2/10/2075 | 6/26/2076 | यातायात खर्च लिएकोले |
| ५ | राम बहादुर के.सी | वडा अध्यक्ष | ६ | मो.सा | २४२००० | 2/10/2075 | 6/26/2076 | यातायात खर्च लिएकोले |

| | | | | |
|---|---|---|---|---|
| ३० | | | **अनुगमन भत्ता**<br>अनुगमन भत्ता लुम्बिनी प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७६ को दफा १४ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था छ ।वडाका योजनाहरुको अनुगमन गरे वापत वडा योजना अनुगमन समितिलाई भत्ता भुक्तानी गर्ने व्यवस्था गरेको छैन। कार्यालयले वडा अनुगमन समिति मार्फत वडा योजनाको अनुगमन गरेको भनी प्रतिदिन प्रतिव्यक्ति रु १०००।- का दरले र गाउँपालिकास्तरिय योजनाहरुको अनुगमन बापत रु.१२००। को दरले रकम उपलव्ध गराउने निर्णय अनुसार निम्न पदाधिकारीहरुलाई कर कट्टा गरी रु७५९९००। भुक्तानी दिएको छ । ऐन विपरीत गाउँ सभाबाट निर्णय गराई अनुगमन गरिएका योजनाको संख्या समेत नखुलाई अनुगमन बापतको भत्ता भुक्तानी भएको नियम सम्मत नदेखिएको रु. | ७५९,९०० |


https://nams.oag.gov.np

| गोश्वारा भौचर नं. | पदाधिकारीको नाम | अनुगमन दिन | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३८-२०७७।५।३१ | चिन्तामणी शर्मा | १२ | १००० | १०२०० | वडा नं.२ |
| | कमान सिंह नेपाली | १२ | १००० | १०२०० | |
| | राम बहादुर के.सी | १२ | १००० | १०२०० | |
| | प्रर्शा राम खत्री | १२ | १००० | १०२०० | |
| | मञ्जु वली | १२ | १००० | १०२०० | |
| | गिता परियार | १२ | १००० | १०२०० | |
| | नन्दलाल वली | १२ | १००० | १०२०० | वडा नं.३ |
| | खड्क बहादुर खत्री | १२ | १००० | १०२०० | |
| | सरस्वती नेपाली | १२ | १००० | १०२०० | |
| | मोहनलाल वली | १२ | १००० | १०२०० | |
| | टेकी वली | १२ | १००० | १०२०० | |
| | सम्झना चन्द | १२ | १००० | १०२०० | |
| | टंकराज विश्वकर्मा | १२ | १००० | १०२०० | |
| | खड्क बहादुर खत्री | १२ | १००० | १०२०० | वडा नं.१ |
| | नन्दलाल वली | १२ | १००० | १०२०० | |
| | सावित्रो बोहरा | १२ | १००० | १०२०० | |
| | पूर्णकली वि.क | १२ | १००० | १०२०० | |
| | ज्वालाकिरण घर्ति | १२ | १००० | १०२०० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सुशिला बोहरा | १२ | १००० | १०२०० | | | |
| | | | | | टेक बहादुर वली | १२ | १००० | १०२०० | वडा नं.४ | | |
| | | | | | लक्ष्मी भण्डारी | १२ | १००० | १०२०० | | | |
| | | | | | गौरी कुमारी बोहरा | १२ | १००० | १०२०० | | | |
| | | | | | शान्ता वि.क. | १२ | १००० | १०२०० | | | |
| | | | | | रणविर खत्रि | १२ | १००० | १०२०० | | | |
| | | | | | व्रिजलाल वि.क. | १२ | १००० | १०२०० | | | |
| | | | | | डम्बर बहादुर सिरिस | १२ | १००० | १०२०० | वडा नं.५ | | |
| | | | | | कुमारी खड्का भण्डारी | १२ | १००० | १०२०० | | | |
| | | | | | शालिकराम पौडेल | १२ | १००० | १०२०० | | | |
| | | | | | लिलाधर भण्डारी | १२ | १००० | १०२०० | | | |
| | | | | | कृष्णा कुमारी खड्का | १२ | १००० | १०२०० | | | |
| | | | | | सावित्रा सुनार | १२ | १००० | १०२०० | | | |
| | | | | | मान बहादुर कामी | १२ | १००० | १०२०० | | | |
| | | | | | राम बहादुर डाँगी | १२ | १००० | १०२०० | वडा नं.६ | | |
| | | | | | भोला प्र. बुढाथोकी | १२ | १००० | १०२०० | | | |
| | | | | | विनोद वली | १२ | १००० | १०२०० | | | |
| | | | | | इन्द्र कुमारी अधिकारी | १२ | १००० | १०२०० | | | |
| | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कमला कुमारी सार्की | १२ | १००० | १०२०० | | | |
| | | | | | दिलिप कुमार खत्री | १२ | १००० | १०२०० | | | |
| | | | | | महाविर चौधरी | १२ | १००० | १०२०० | वडा नं.७ | | |
| | | | | | रुपा राना | १२ | १००० | १०२०० | | | |
| | | | | | देवि कुमारी वि.क | १२ | १००० | १०२०० | | | |
| | | | | | लाल बहादुर वि.क | १२ | १००० | १०२०० | | | |
| | | | | | मान बहादुर बस्नेत | १२ | १००० | १०२०० | | | |
| | | | | | होमराज वली | १२ | १००० | १०२०० | | | |
| | | | | ३३२-२०७८।३।७ | सावित्रा विश्वकर्मा | ३५ | १२०० | ३५७०० | | | |
| | | | | | राजेश देवकोटा | ३५ | १२०० | ३५७०० | | | |
| | | | | | डम्बर बहादुर सिरिस | ३३ | १२०० | ३३६६० | | | |
| | | | | | टंक राज वि.क | ३३ | १२०० | ३३६६० | | | |
| | | | | | महाविर चौधरी | ५ | १२०० | ५१०० | | | |
| | | | | | चिन्तामणी शर्मा | ७ | १२०० | ७१४० | | | |
| | | | | | नन्दलाल वली | ५ | १२०० | ५१०० | | | |
| | | | | | टेक बहादुर वली | १० | १२०० | १०२०० | | | |
| | | | | | राम बहादुर डाँगी | ५ | १२०० | ५१०० | | | |
| | | | | | प्रकाश पौडेल | ८ | १२०० | ८१६० | | | |
| | | | | | होमराज वली | १९ | १२०० | १९३८० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | शिव शंकर खड्का | ८ | १२०० | ८१६० | |
| | कमल बोहरा | ८ | १२०० | ८१६० | |
| | सुमन चौधरी | ८ | १२०० | ८१६० | |
| | हिलालाल वली | ९ | १२०० | ९१८० | |
| | नारायण भण्डारी | ८ | १२०० | ८१६० | |
| | तिलक बहादुर खत्री | ३५ | १२०० | ३५७०० | |
| | भुवनेश्वर पौडेल | ३४ | १२०० | ३४६८० | |
| | **जम्मा** | | | **७५९९००** | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | | | **जनप्रतिनिधी मार्फत कार्य**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले राजनीतिक पदाधिकारीलाई खर्च गर्ने आर्थिक अधिकार प्रदान गरेको छैन। गो.भौ.नं९-२०७७।५।८ वडा नं. ६ का वडात्रध्यक्ष राम बहादुर डाँगीले गवारो रोग नियन्त्रणको लागि विषादी छर्ने कार्यको लागि पेश्की लिई रु.३९५५२५। खर्च भएकोमा कति कृषकको कति क्षेत्रफलमा कुन मात्रामा विषादी प्रयोग भएको हो सो खुलेको छैन। कृषि प्राविधिकको परामर्शमा आवश्यक विषादी खरिद गर्ने र रोगले क्षति पुगेको जमिनको क्षेत्रफल एकिन गरी भूमिको उर्वरा शक्तीलाई एकिन गरी आवश्यक मात्रामा मात्र विषादी प्रयोग गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| ३२ | | | **कार्यालय खर्च**<br>**क) इन्धन खर्च** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन कार्यालय प्रयोजनको लागि रु.२३,५०,०००। खर्च गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत राख्नुपर्नेमा राखेको छैन। यसबाट इन्धन खर्च मितव्ययी छ भनी आश्वस्त हुन सकिएन।<br>**ख) सवारी मर्मत खर्च** - लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यस बर्ष सवारी मर्मतमा रु.११,०७,५६८।- खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |



https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| ३३ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ३३.१ | | | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा २६ कर्मचारीहरु करारमा राखी रु.६६,६९,२२०। खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ५ पदमा ७ जना करार नियुक्ति गरी बर्षभरीमा रु.२५,३१,५०० ।- भुक्तानी गरेकोले बढी व्ययभार परेको रु. | २,५३१,५०० |
| ३३.२ | | | कार्यालयले संगठन व्यवस्थापन सर्भेक्षण (O&M) नगरेको तथा प्रचलित कानुनले सेफ हाउस व्यवस्थापक पदको दरबन्दी स्वीकृत नगरेको अवस्थामा मासिक रु.१५०००। मा करारमा नियुक्त गरी श्रावण देखी जेष्ठ सम्म रु.१,६५,०००। खर्च लेखेको छ । कानुनमा नभएको पदमा कर्मचारी नियुक्त गरी खर्च लेखेको उचित नदेखिएको रु. | १६५,००० |
| ३४ | | | **नर्म्स भन्दा बढी भुक्तानी**<br>**नर्म्स भन्दा बढी भुक्तानी :-** लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २ बुदा नं ४.४ अनुसार सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको श्रोत व्यक्ति प्रशिक्षक भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापत अधिकृतस्तरको प्रशिक्षणमा प्रति कक्षा रु.१०००। र सहायक कर्मचारीहरुको हकमा प्रति कक्षा रु.८०० को दरले भुक्तानी पाउने उल्लेख छ । कार्यालयले सञ्चालन गरेको निम्न तालिम कार्यक्रममा नर्म्स भन्दा बढी भुक्तानी दिएको छ। निर्देशिकामा व्यवस्था भए भन्दा रु.८९२५०। बढि भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु. | ८९,२५० |

| गोश्वारा भौचर नं. | पदाधिकारीको नाम | दिन | नियमानुसार पाउने | भुक्तानी दर | फरक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ११३-२०७७/९/१३ | भिष्म कुमार मल्ल | ११ | ८५० | १२७५ | ४२५ | ४६७५ | कम्प्यूटर तालिम |
| | खिमलाल वली | ११ | ८५० | १२७५ | ४२५ | ४६७५ | |
| | भुवन चन्द वालान | १० | ८५० | १२७५ | ४२५ | ४२५० | |
| | सुनिल चौधरी महतो | ९ | ८५० | १२७५ | ४२५ | ३८२५ | |
| १३२-२०७७।९।२३ | सावित्री विश्वकर्मा | ७ | ८५० | १२७५ | ४२५ | २९७५ | लैङ्गिक हिंसा १६ दिने अभियान |
| | इश्वरा रावत | ७ | ८५० | १२७५ | ४२५ | २९७५ | |
| १३३-२०७७/९/२३ | भिष्म कुमार मल्ल | १२ | ८५० | १२७५ | ४२५ | ५१०० | उपभोक्ता समिति अभिमुखीकरण कार्यक्रम |
| | राजेश देवकोटा | ९ | ८५० | १२७५ | ४२५ | ३८२५ | |
| | टिकाराम बस्याल | ८ | ८५० | १२७५ | ४२५ | ३४०० | |
| | तिलक बहादुर खत्री | ७ | ८५० | १२७५ | ४२५ | २९७५ | |
| | हिरालाल वली | ७ | ८५० | १२७५ | ४२५ | २९७५ | |
| १५३-२०७७।१०।५ | भिष्म कुमार मल्ल | १० | ८५० | १२७५ | ४२५ | ४२५० | भुकम्प प्रतिरोध भवन निर्माण |
| | राजेन्द्र देवकोटा | १५ | ८५० | १२७५ | ४२५ | ६३७५ | |
| | हिरालाल वली | ९ | ८५० | १२७५ | ४२५ | ३८२५ | |
| २४७-२०७७।१२।२३ | भिष्म कुमार मल्ल | ८ | ८५० | १२७५ | ४२५ | ३४०० | सामाजिक सुरक्षा पञ्जिकरण तालिम |
| | खिमलाल वली | ७ | ८५० | १२७५ | ४२५ | २९७५ | |
| | भुवन चन्द वालान | ८ | ८५० | १२७५ | ४२५ | ३४०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तेजेन्द्र बहादुर घर्ति | ५ | ८५० | १२७५ | ४२५ | २१२५ | |
| | बालकृष्ण पाण्डे | ५ | ८५० | १२७५ | ४२५ | २१२५ | |
| | अरुण कुमार के.सी | ५ | ८५० | १२७५ | ४२५ | २१२५ | |
| ३०३-२०७८/२/१७ | इश्वरा रावत | ८ | ६८० | १२७५ | ५९५ | ४७६० | म.से तथा ला.औ.दु |
| १०७-०७८/३/२१ | चन्द्रशोभा कँडेल | ४ | ८५० | १२७५ | ४२५ | १७०० | धनुवास सचेतना कृषि समुह |
| | दिपेन्द्र प्रसाद डाँगी | ४ | ६८० | १२७५ | ५९५ | २३८० | |
| १०६-२०७८।३।२१ | चन्द्रशोभा कँडेल | ४ | ८५० | १२७५ | ४२५ | १७०० | मौरी पालन तालिम |
| | दिपेन्द्र प्रसाद डाँगी | ४ | ६८० | १२७५ | ५९५ | २३८० | |
| | चन्द्रशोभा कँडेल | ४ | ८५० | १२७५ | ४२५ | १७०० | टनेल तरकारी खेती |
| | दिपेन्द्र प्रसाद डाँगी | ४ | ६८० | १२७५ | ५९५ | २३८० | |
| | जम्मा | | | | | ८९२५० | |

३५ **अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च**

भम्रण खर्च नियमावली,२०६४ को नियम ४ अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो हुने गरी भ्रमण गर्नुपर्ने उल्लेख छ। कार्यालयले यो बर्ष अनुगमन मुल्याङकन तथा भ्रमण शिर्षकमा रु.२८,९१,७८४।– तथा संघिय तथा प्रदेश हस्तान्तरित कार्यक्रमबाट सञ्चालित विभिन्न कार्यक्रम र पालिकाका विभिन्न योजनाहरुबाट कट्टि गरेको कन्टेन्जेन्सी रकमबाट समेत अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च गरेको छ । नियमावलीको नियम २१ बमोजिम कार्यालयले भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछी अनुसुचि ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख खाता राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुद गराई भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीबाट भ्रमण प्रतिवेदन प्राप्त गरे पश्चात भुक्तानी गर्नुपर्नेमा गरेको छैन। अद्यावधिक भ्रमण अभिलेख खाता र भ्रमण प्रतिवेदन बेगर भ्रमण खर्च भुक्तानी भएकोले दोहोरो पर्ने गरी खर्च भए नभएको एकिन गर्न सकिएन। यसमा सुधार हुनुपर्दछ।

३६ **सोलार वितरण**

३६.१ सोलार वितरण सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११५ को १ अनुसार खरिद भएका मालसामानहरु प्राविधिक स्पेशिफिकेशन बमोजिम भए नभएको परीक्षण गराउनु पर्ने उल्लेख छ । त्यस्तै नविकरणिय उर्जा परिक्षण केन्द्र सम्वन्धी नियमावली, २०६३ को नियम २(क) र नियम

| | | | | |
|---|---|---|---|---|
| | | | (घ) अनुसार सौर्य उर्जा प्रविधिमा प्रयोग हुने उपकरण तथा तिनका पाट पुर्जाहरुको गुणस्तर परिक्षण तथा निर्धारण नविकरणिय उर्जा परिक्षण केन्द्रले गर्ने उल्लेख। गरिव विपन्न बर्गमा सोलार वितरण कार्यक्रम अन्तर्गत वडा नं.१ कार्यालयले यस बर्ष ३० सेट सोलार बत्ति सनफर्स सोलार एण्ड कन्स्ट्रक्सन कम्पनी लिमिटेडबाट रु.३४७५००। मा खरिद गरी वितरण गरेकोमा सोको गुणस्तर परिक्षण गराएको छैन भने खरिद भएका सोलारहरुको वारेन्टी सम्बन्धमा कुनैपनी व्यवस्था भएको देखिएन। विपन्न नागरिक छनौटको आधार तयार नगरी आर्थिक बर्षको अन्त्यमा खर्च लेखेको उचित देखिएन। | |
| ३६.२ | | | सनफोर्स सोलार एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा.लीले जारी गरेको विलमा सोलार ढुवानी तथा जडान खर्च बापत ३० सेटको रु.९६०.५ को दर रु.२८,८१५। भुक्तानी गरेको अवस्थामा कार्यालयले पुन: सृजना सोलार सप्लायर्सबाट सोलार ढुवानी तथा जडान खर्च भनी प्रति इकाई रु.६५०। को दरले रु.१९५००। भुक्तानी गरेकोले दोहोरो भुक्तानी खर्च असुल हुनुपर्ने रु. | १९,५०० |
| ३७ | | | **भत्ता**<br>८०-२०७७।८।१९ कार्यालयले वडा नं.६ को गत बर्षको छुट बैठक भत्ता बापत रु ३६०००। र वडा नं.७ को श्रावण देखी आषाढ सम्मको बैठक भत्ता बापत रु.७१४०० समेत रु.१,०७,४००। खर्च लेखेकोमा भुक्तानी दिन बाँकीको विवरणमा नाम नामेसी खुलेको छैन। खर्चको वितरण भर्पाइ समेत श्रेस्तामा संलग्न नभई खर्च भएको रु. | १०७,४०० |
| ३८ | | | **आय ठेक्का व्यवस्थापनः यसमा देहायका व्यहोराहरु देखिएका छन् ।** | |
| ३८.१ | | | **आय ठेक्काः** कार्यालयले तयार गरेको विवरण अनुसार नगरपालिका क्षेत्र भित्रको नदिजन्य पदार्थ विक्रिकालागी देहाय अनुसार रु ५३,८७,७११/- ठेक्का बन्दोवस्त गरी आन्तरिक आय असुल गरेको देखियो । पालिकाले उल्लिखित ठेक्कामा नदिजन्य पदार्थ उत्खनन् गरि विक्रि वितरण गरेको परिमाणको अभिले निर्माण व्यवसायी तथा कार्यालय दुवैले राखेको नदेखिएकोले उत्खनन् परिमाणको विश्लेषण गर्न सकिएन । | |

| ठे न | ब्यवसायीको नाम | कबोल अंक | अन्तिम किस्ता रु | दाखिला गर्नुपर्ने | दाखिला मिति | मु अ कर रु |
|---|---|---|---|---|---|---|
| ५-२०७७।७८ | वालान ब्रदर्श कन्स्ट्रक्सन | १०३३५०० | ५००००० | २०७७।११।३० | २०७८।१।७ | १३४३५५ |
| ८-२०७७।७८ | अमर निर्माण सेवा | १९७९९९० | ११९९९९० | २०७८।१।३० | नगरेको | २५७३९९ |
| ९-२०७७।७८ | मानव कन्स्ट्रक्सन | १६९५६२१ | ८४५६२१ | २०७७।११।३० | २०७७।१२।९ | २२०४३१ |
| ४-२०७७।७८ | टी डी कन्स्ट्रक्सन | ६७८६०० | ० | ० | ० | ८८२१८ |
| | जम्मा | ५३८७७११ | २५४५६११ | | | ७००४०३ |

उल्लिखित अनुसार नदिजन्य पदार्थको ठेक्का बन्दोवस्त गरि राजश्व असुली गरेकोमा निम्न व्यहोराहरु देखिएका छन् ।

३८.२

**दाखिला समय र जरिवानाः** नदिजन्य पदार्थको उल्लेखित आय ठेक्का सम्झौता अनुसार राजश्व रकम पहिलो किस्ता सम्झौताका बखत दाखिला गर्नु पर्ने र दोश्रो तथा अन्तिम किस्ता २०७७।११।३० सम्ममा दाखिला गरिसक्नु पर्ने व्यवस्था छ। नदिजन्य पदार्थको ठेक्का पाउने उल्लिखत व्यवसायीहरुले पहिलो किस्ता सम्झौताको व्यवस्था बमोजिम दाखिला गरेको तर दोश्रो तथा अन्तिम किस्ता सम्झौतामा तोकिएको अवधि भन्दा ढिला गरि दाखिला गरेको देखियो । कार्यालयले आय ठेक्का पाउने व्यवसायीहरुसंग निर्धारित समयमा दाखिला गर्न ताकेता नगरेकोले सम्झौतामा तोकिएको समय भन्दा ढिला गरि दाखिला गरेका छन् । आय ठेक्का सम्झौतामा किस्ता ढिला बुझाएमा थप जरिवाना लाग्ने व्यवस्था नगरेकोले ब्यवसायीहरुबाट जरिवाना समेत असुल गरेको छैन । अतः आय ठेक्का सम्झौता गर्दा तोकिएको समयमा राजश्व नबुझाएमा जरिवाना लाग्ने व्यवस्था समेत शर्तको रुपमा राखि सुधार गरिनु पर्दछ ।

| ठे न | ब्यवसायीको नाम | कबोल अंक | अन्तिम किस्ता रु | दाखिला गर्नुपर्न | दाखिला मिति |
|---|---|---|---|---|---|
| ५-२०७७।७८ | वालान ब्रदर्श कन्स्ट्रक्सन | १०३३५०० | ५००००० | २०७७।११।३० | २०७८।१।७ |
| ९-२०७७।७८ | मानव कन्स्ट्रक्सन | १६९५६२१ | ८४५६२१ | २०७७।११।३० | २०७७।१२।९ |

३८.३

**मु.अ.कर दाखिला खाताः** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ को उपदफा ३ अनुसार मूल्य अभिबृद्धि कर लाग्ने वस्तु विक्रिमा मुल्य अभिबृद्धि कर लगाउन पाउने व्यवस्था रहेको छ । त्यस अनुसार विज्ञापन करको आय ठेक्का र नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा अदी) उत्खनन्, संकलन तथा विक्री वितरण गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्न कार्यालय र सेवा प्रदायक संस्थाहरु बिच भएको सम्झौतामा सेवा प्रदायकले बुझाउनुपर्ने मुल्य अभिबृद्धि कर (भ्याट) तथा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियम अनुसार बुझाउनु पर्ने अन्य कर, शुल्क,दस्तुर सबै सेवा प्रदायकले कार्यालय र सम्बन्धित राजश्व कार्यलयमा बुझाउनुपर्ने ब्यवस्था गरेको छ । पालिका क्षेत्रको नदीजन्य पदार्थ विक्रिबाट संकलित मु.अ. कर पालिकाको नाममा दायित्व हुने र बेदर्तावालबाट गर्ने संकलन गरि दाखिला गर्नुपर्ने राजश्व शीर्षक न ३३३१७ मा ने दाखिला गरेकोले देखियो । तर आय ठेक्का स्वीकार गर्ने निर्माण व्यवसायीबाट असुल गरि कार्यालयले स्थानिय तहकै नामबाट सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा दाखिला गर्नु पर्ने मुल्य अभिबृद्धि कर रु २०,००,६२७।७२ निर्माण व्यवसायीले आफ्नै नामबाट व्यवसायीकै सम्पर्क मोबाइल नं. तथा भ्याट नं. उल्लेख राजश्व खातामा दाखिला गरेकोले व्यवसायीहरुलाई अनुचित लाभ हुन गएको देखियो । अत: उल्लिखित बमोजिम पालिकाको नामबाट राजश्व दाखिला भएको जनाई नाम समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु.

६१२,२८५

| ठे न | व्यवसायीको नाम | कबोल अंक | मु अ कर रु |
|---|---|---|---|
| ५-२०७७।७८ | वालान ब्रदर्श कन्स्ट्रक्सन | १०३३५०० | १३४३५५ |
| ८-२०७७।७८ | अमर निर्माण सेवा | १९७९९९० | २५७३९९ |
| ९-२०७७।७८ | मानव कन्स्ट्रक्सन | १६९५६२१ | २२०४३१ |
| | जम्मा | ४७०९१११ | ६१२१८५ |

| | | | | |
|---|---|---|---|---|
| ३८.४ | | | **टि डि कन्सट्रक्सनः** बबई नदी झारगजेरी वडा न ७ क्षेत्रको नदीजन्य पदार्थ विक्रिकालागी ठे न ४-२०७७।७८ को ठेक्का रु ६,७८,६००/- कबोल गर्ने टि डि कन्स्ट्रक्सनबाट उक्त रकमको मु अ कर रु ८८,२१८/- असुल गरेको देखिएन । उक्त रकम निजबाट असुल गरि पालिकाको नामबाट राजश्व शिर्षक न् ३३३१७ मा दाखिला गर्नु पर्ने देखिएको रु | ८८,२१८ |
| ३८.५ | | | **अमर निर्माण सेवाः** पालिकाले बबई हुरुम क्षेत्र वडा न ५ को नदीजन्य पदार्थ विक्रकालागी गरेको आय ठेक्का न ८-२०७७।७८ मा अमर निर्माण सेवाले मु अ कर बाहेक रु १९,७९,९९०/- कबोल गरी पहिलो किस्ता रु ७,८०,०००/- सम्झौताका समयमा दाखिला गरि अन्तिम किस्ता रु ११,९९,९९०/- मिति २०७८ बैशाक मशान्तसम्ममा दाखिला गर्नुपर्ने गरि सम्झौता गरेकोमा लेखापरीक्षण अवधिसम्ममा असुल गरेको देखिएन । अतः आवश्यक कारवाही गरि निजबाट उक्त रकम असुल गर्नु पर्ने देखिएको रु | १,१९९,९९० |
| ३९ | | | | |
| ३९.१ | | | **स्रोत अनुमान समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्रक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गर्ने लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्रोत अनुमान समित गठन गरेको देखिएन । ऐन बमोजिम समिति गठन गरी श्रोत अनुमान गर्ने, वडामा बजेट सिलिङ पठाउने लगायत ऐनको भावना कार्य गरिनु पर्दछ । | |
| ३९.२ | | | राजश्व परामर्श – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दर समेतको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने तथा व्यवस्था गरेको छ । राजश्व परामर्श समितिको | |

| | | | | |
|---|---|---|---|---|
| | | | २०७७।२।२८ मा बैठक बसि राजश्वको दर तोकेपनि कर विस्तारका क्षेत्र तथा अनुमानित राजश्व आय तयार गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| ३९.३ | | | **बजेट तर्जुमा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ ।कार्यालयले बजेट तर्जुमा गर्न बजेट तर्जुमा समितिको बैठक २०७८।३।७ मा बसे पनि समितिले गरेका निर्णयहरु लेखापरीक्षणमा पेश भएन । | |
| ३९.४ | | | **बजेट तथा कार्यक्रम निर्धारण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समित र समितिले गर्नुपर्ने काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ । यसवर्ष उक्त समितिले तयार गरी पेश भएको पालिकाको बजेट तथा योजना कार्यान्वयनको अवस्था मुल्याँकन गर्दा बिभिन्न उपभोक्ता समितिले आ व २०७६।७७ मा सम्झौता गरेका योजना सम्झौता अविध भित्र सम्पन्न नगरेकोमा योजनाको निरन्तरता तथा केही योजनाहरुको भुक्तानी दिन वाँकी भनी २०७७।७८ को कार्यक्रममा समावेश गरी चालु तर्फ ३३ कार्यक्रमको रु.९१,९०,४८३।- र पूँजीगत तर्फ ३६ योजनाको रु.२,७१,९०,०७०।- समेत रु.३,६३,८०,५५३।- खर्च गरेको पाईयो । एक आर्थिक बर्ष भित्र सम्पन्न गर्ने गरी उपभोक्ता समितसँग भएको सम्झौता कार्यान्वयन नभएकोमा सोही योजनाहरुलाई अर्को बर्ष निरन्तरता र भुक्तानी दिन वाँकी योजना बनाई योजना छनोट गरेको पाईयो । बजेट तथा कार्यक्रम तयार गर्दा गत विगत वर्षमा सम्झौता भएका र भुक्तानी दिन वाँकी योजनाको दायित्व छुट्टयाई अगामी बर्षको लागि बजेट विनियोजन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ३९.५ | | | **भाडा कर** – अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका, २०७५ अनुसार निर्देशिकाको राजश्व बर्गिकरण व्याख्यामा उल्लेख भए अनुसार बित्तिय संकेत नम्वर ११!३१ सम्पत्ति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर संघीय सरकारको संचित कोषमा जम्मा हुनुपर्दछ । जस अनुसार सवारी साधन बाहल कर संघीय संचित कोषमा जम्मा गर्नुपर्ने देखिएकोमा कार्यालयले सवारी साधनको भाडा कर बापत गाउँपालिका कोष पूँजीगतमा कट्टा गरेको रु. ५,३७,३४२।- गाउँपालिकाको संचित कोषमा मौज्दात राखेको देखिएकोले संघिय संचित कोषमा जम्मा गर्नुपर्ने रु. | ५३७,३४२ |
| ४० | | | **प्रकोप व्यवस्थापन**<br>कोभिड रोग नियन्त्रण तथा व्यवस्थापन खर्च सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् । | |
| ४०.१ | | | **खरिद व्यवस्थापन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५(१)मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था छ।त्यस्तै सार्वजनिक खरिद ऐनको दफा ६६ वमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्कताको लिखित विवरण, गुणस्तर, परिमाण शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपुर्तीकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित | |

<table>
<tr><td></td><td></td><td></td><td>मुल्यको लागि वार्ता गरी खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले पेश गरेको विवरण अनुसार गतवर्षको भुक्तानी दिन बाँकी र यस वर्ष खरिद गरीएका सामाग्रीको खरिद दर लट अनुसार फरक रहेको छ ।उपयुक्त विधि अवलम्वन गर्न नसक्दा पिपिई सेट रु.७११९। दर सम्मको र अक्सिजन फ्लोमिटर ४५२०।- दर सम्मको सोझै खरिद गरको छ ।सम्पुर्ण सामाग्रीको मुल्य खुल्ने गरी खरिदको विवरण पेश गरेको छैन । कार्यालयले खरिद नियमावली वमोजिम विशेष परिस्थितिमा खरिद गर्ने प्रावधानको रुपमा पालना गरेको छैन् ।यसको उदाहरण देहाय अनुसार रहेको छ :
<table>
<tr><td>सामानको नाम</td><td>स्पेशिफिकेशन</td><td>परिमाण</td><td>दर</td><td>कुल रकम</td></tr>
<tr><td>पिपीई</td><td>नखुलेको</td><td>२५०</td><td>७११९</td><td>१७७९७५०</td></tr>
<tr><td>स्प्रे सेट</td><td>नखुलेको</td><td>२</td><td>२८२५०</td><td>५६५००</td></tr>
<tr><td>ईसिजि मेशिन</td><td>नखुलेको</td><td>१</td><td>१३५६००</td><td>१३५६००</td></tr>
<tr><td>अक्सिजन फ्लोमिटर</td><td>नखुलेको</td><td>१७</td><td>४५२०</td><td>७६८४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०.२</td><td>७</td><td>२०७७-७-५</td><td>भुक्तानीमा कर – आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जयमाता सर्जिकल हाउसबाट कोरोना नियन्त्रणका लागि खरिद गरिएको सामाग्री मू. अ. कर बाहेक रु.१६३५९००।- मा खरिद गर्दा नियमानुसार लाग्ने अग्रिम कर रु.२४५३८।- कट्टी गर्नुपर्नेमा रु.१७४३६।- मात्र कट्टी गरेकोले नपुग रु.७१०२।-असुल हुनुपर्ने रु.</td><td>७,१०२</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>स्थानीय विकास पूर्वाधार साझेदारी कार्यक्रम<br>कन्टेन्जेन्सी खर्च - स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ को नियम १८ मा आयोजना छनौट गर्न प्रतिवेदन गर्न तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रशासनिक खर्चको रुपमा कोष तथा लेखा नियन्त्रक कार्यालयले २ किस्तामा सोझै जिल्ला समन्वय समितिलाई पठाउने व्यवस्था गरेको र कन्टेन्जेन्सी सम्बन्धमा कुनै व्यवस्था गरेको छैन । कार्यालयले कार्यक्रम अन्तर्गत ५ योजनाको लागि रु ६६ लाख रकम प्राप्त गरी ६३६७३७१। कार्यालयले व्यहोर्ने गरी लागत अनुमान तयार गरेको र योजना सम्पन्न भएको मूल्याँकनको आधारमा रु ६३२१४३६। उपभोक्ता समितिहरुलाई भुक्तानी दिएको छ । संचालित योजनाहरुको लागत अनुमान तयार गर्दा ३ प्रतिशत कन्टेन्जेन्सीको व्यवस्था गरेकोमा यसवर्ष संचालित ४ योजनामा अनुगमन तथा मूल्यॉकन गरेको भनी ५, ७, ८ र ९ गोश्वारा भौचर नम्वर वाट रु. १६५३५०।- खर्च लेखेकोमा गाडी भाडा रु ६२८००। अध्यक्ष उपाध्यक्ष लगायत ८ जनाको अनुगमन भत्ता ७३०४०। खाजा खर्च रु २३०००। र अन्य खर्च ६७५०। लेखेको छ । सवै योजना उपभोक्ता समिति मार्फत गरेको अनुमगन तथा मुल्याँकनको लागि जिल्ला समन्वय समितिले रकम प्राप्त गरेको अवस्थामा अनुमगन तथा मुल्याँकन गरेको भनी अनुत्पादक खर्चमा भुक्तानी दिन मिल्ने नदेखिएको रु</td><td>१६५,३५०</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>सामाजिक सुरक्षा<br>सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्</td><td></td></tr>
<tr><td>४२.१</td><td></td><td></td><td>तथ्यांक अध्यावधिक - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुदा नं. १२ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाईं प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ। कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन। कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ। | |
| ४२.२ | | | **सार्वजनिक सुनुवाई** - गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन। गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ। | |
| ४२.३ | | | **अद्यावधिक विवरण** - कार्यालयले पहिलो चौमासिकमा नगदै भत्ता वितरण गरेको र भत्ता वितरणकोलागि वडाको मागका आधारमा पञ्जिकरण शाखाले ३०३९ लाभग्राहीको लागि रु २४०८५९०८। वडा सचिवहरुलाई पेश्की दिन सिफारिश गरेको आधारमा सोही बरावर पेश्की दिएको छ । वडा सचिवहरुले भत्ता वितरण गरी पेश्की फर्छयौटको लागि पेश भएको भरपाई अनुसार २६६१ जनालाई रु २१०८६५०३। वितरण गरी रु ३००९३८५। फिर्ता गरेको देखिन्छ । कार्यालयले पेश्की दिंदा अद्यावधिक मूल अभिलेख तयार नगरेको र वडाको माग अनुसार पेश्की दिएको छ । प्राप्त भरपाईमा केही भत्ता लिन अयोग्य केहीको मृत्यु भनी वितरण भरपाईमै उल्लेख गरेको देखियो । वास्तविक लाभग्राही भन्दा बढीको विवरण तयार गरी पेश्की माग गर्ने कार्यमा नियन्त्रण भएको देखिएन । | |
| ४२.४ | | | सामाजिक सुरक्षा भत्ता वितरण गर्दा भत्ताको प्रकार अनुसारको लाभग्राही लगत अद्यावधिक गर्ने कार्य बर्ष भरीनै हुने व्यवस्था छ । कार्यालयले दोस्रो र तेस्रो चौमासिकको भत्ता वैंक मार्फत वितरण गर्दा प्रथम चौमासिकमा वितरण गरेको संख्या र लगत कट्टा गर्नुपर्ने र थप हुने लाभग्राहीको संख्या यकिन गरेर मात्र दोस्रो तथा तेस्रो किस्ता निकासा दिनु पर्नेमा बैंकलाई दिएको निकासा रकम र संख्या तथा वितरण संख्या र रकममा अन्तर देखिएको छ । बैंकहरुले आर्थिक वर्षको समाप्त भएको लामो समय पछि मात्र बितरण नभई फिर्ता गर्नु पर्ने रकम फिर्ता गर्ने गरेको देखियो । बास्तविक लाभग्राहीको लगत अद्यावधिक गरेर मात्र बैंकहरुलाई पेश्की निकासा दिनुपर्ने देखिन्छ । दोस्रो र तेस्रो चौमासिकमा बैंकहरुलाई निकासा दिएको र वितरणको अवस्था निम्नानुसार छ । | |

| विवरण | संख्या | निकासा रकम | वितरण गरेको संख्या | वितरण गरेको रकम | वितरण गरी बाँकी रकम |
|---|---|---|---|---|---|
| दास्रो चौमासिक | ३०३० | २३२५९०५५ | २४४८ | १९९३०४८२ | ३३२८५७३ |
| तेस्रो चौमासिक | ३०४५ | २४२२४०६१ | २५१८ | २०९०७८०३ | ३३१६२५८ |

४३ **बजेट, निति तथा कार्यक्रम र स्थानिय सरकार सन्चालत ऐनको कार्यान्वयनः यसमा देहायका व्यहोराहरु देखिएका छन् ।**

४३.१ **स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयनः**स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिकाले गर्नुपर्ने उल्लेख भएका कार्यहरु गरिएको हुनुपर्नेमा दफा ११, दफा २४(४) अनुसारका देहायका कार्यहरु भएको देखिएन । अत उक्त ऐनद्वारा गर्नुपर्ने कार्यहरु प्रभावकारी रुपमा गरिनु पर्ने देखिन्छ ।

· सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन,भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा नभएको

· अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण नभएको

· प्रदेश कानुनको अधिनमा रही एफ.एम सञ्चालन सम्बन्धी कार्य नभएको,

· स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति,मापदण्ड,सेवा शर्त,योजना,कार्यान्वयन र नियमन नभएको,

· आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन नभएको,

· मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन, तथा नियमन नभएको,

· सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्ति अभिलेख, संरक्षण र व्यवस्थापन नभएको,

· स्थानीय पुस्तकालय र वाचनालयको संचालन तथा व्यवस्थापन नभएको,

· वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण र नियमन नभएको,

· स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, अनुगमन र नियमन नभएको,

· स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन नभएको,

· जेष्ठ नागरिक, क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, अश्रय केन्द्रको संचालन तथा व्यवस्थापन नभएको,

· खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन नगरेको,

एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा नगरेको,

· स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा नगरेको,

· स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन, अनुगमन र नियमन नभएको,

स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन नगरेको,

· खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य नभएको,

· जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तयार नगरेको,

| | | | | | |
|---|---|---|---|---|---|
| | | | · सामुदायिक भुसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम नभएको,<br>· खानी तथा खनिज पदार्थ सम्बन्धी सूचता तथा तथ्याङ्क संकलन नभएको,<br>· बहुमुल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षणा र सम्वर्द्धनमा सहयोग नगरेको<br>· आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन नभएको,<br>· खानेपानी महशुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन नभएको,<br>· स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन तथा मर्मत सम्भार सेवा शुल्क निर्धारण र संकलन सम्बन्धी व्यवस्थापन नभएको,<br>· वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी २६ वटा काम कर्तव्य रहेकोमा कुनै पनि कार्यान्वियन नभएको,<br>· व्यक्तिगत घट्नाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून ,मापदण्ड, योजना तर्जुमा नभएको,<br>· प्राकृतिक स्रोतबाट हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा नभएको,<br>· यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा नभएको,<br>· संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीयस्तरको भु उपयोग नीति, योजना कार्यक्रम तर्जुमा र कार्यान्वियन नभएको,<br>· संघीय तथा प्रदेशको मापदण्डको अधिनमा रही व्यवस्थित वस्ती विकासमा कार्यक्रमको तर्जुमा र कार्यान्वियन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा र विकास व्यवस्थापन नगरेको,<br>· स्थानीयस्तरमा अव्यवस्थित बसोवास व्यवस्थापन नभएको,<br>· संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केवुल तथा तारविहिन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन नभएको,<br>स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति मापदण्ड ,योजना कार्यान्वियन नभएको,<br>· राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको संचालन, व्यवस्थापन, मर्मत संभार, समन्वय, साझेदारी र सहकार्य नभएको<br>· दफा२४ (४) पालिकाले आवधिक, वार्षिक, रणनीतिगत योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार नगरेको,<br>· दफा८३ (७) पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्ने उल्लेख गरेकोमा कार्यान्वियन नभएको | | |
| ४३.२ | | | **निति तथा कार्यक्रम कार्यान्वनः** पालिकाको सभाको अधिवेशनमा प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरु मध्ये देहायका कार्यक्रमहरु कार्यान्वियन भएका छैनन ।<br>१."एक वडा एक उत्पादन " को नीतिलाई प्राथमिकता दिई आवश्यक व्यवस्था मिलाउन<br>२. कृषि उपजहरूको उत्पादन, प्रशोधन र भण्डारणमा सहयोग पुर्‍याउन ग्रीन हाउस, भण्डार गृह निर्माण गरिने<br>३. कोभिड १९ को महामारीबाट प्रभावित कृषकहरुको जीविकोपार्जन सुधार, विदेश बाट रोजगारी गुमाई फर्किएका युवाहरुलाई कृषिमा रोजगारी प्रदान गर्न एवं उत्पादन बृद्धि का लागि विशेष कार्यक्रम ल्याईन ४. गाउँपालिका भित्र कृषि संग सम्वन्धीत उद्योगहरु स्थापना प्रदेश सरकार र केन्द्र | | |

सरकारको सहकार्यमा गरिने
५. पशुपालन व्यवसाय गरि दुध उत्पादन गरि जिविकोपार्जन गर्ने किसानहरुको दुध र दुग्धजन्य पदार्थलाई वजार सम्मको पहुँच वृद्धि गर्ने नीति लिईने जसका लागि गाउँपालिकाले दुध चिस्यान केन्द्रहरुको स्थापना गर्ने कार्यक्रम ल्याईने
६.बबई गाउंपलिकामा पशुपालक कृषकहरुलाई प्रोत्साहन गर्न का लागि "पशु पोषण कार्यक्रम" संचालन गरिन
७. सामुदायिक वन, सार्वजनिक जग्गा,सडक दाँयाबाँया पोषणयुक्त डालेघाँस,बर्षे,बहुबर्षिय भुइघाँस तथा हेजेरोप्रविधिको बिकास गरिने
८.यस गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रम संचालन गरिने
९. आगामी २ बर्ष भित्र बबई गाउपालिकाका सम्पुर्ण घरहरुमा शुद्ध खानेपानी को ब्यबस्था गर्न "एक घर एक धारा" को नीति अबलम्बन गरिने
१०.वडान १ र ७ का शुद्ध पिउने पानीको पहुँच बाट टाढा रहेका बस्तिहरुमा सम्भाब्यता अध्ययन गरि शुद्ध खानेपानीको ब्यबस्था मिलाइने
११.गाउपालिकाका विभिन्न स्थानहरु बाट सङ्कलन गरिने फोहरमैला को उचित ब्यबस्थापन गर्न डम्पिङ साइट को व्यवस्थापनको कार्य अगाडी वढाईने
१२. गाउँपालिकाको सिँचाइ गुरुयोजना तयार गरी सिँचाइ प्रवद्र्धन श्रोतसाधन, जनशक्ति र प्रविधि सुहाउँदो हुनेगरी बहुउद्देश्यीय जलाशयको कार्यक्रम तथापुराना पोखरी र तालको संरक्षणका लागि कार्यक्रम गरिने
१३. शिक्षक तथा विद्यार्थीको मूल्यांकनका सूचक निर्धारण गरी कम्तिमा ३ जना उत्कृष्ट शिक्षक र ३ जना जेहेन्दार विद्यार्थीहरुलाई पुरस्कार र सम्मानको व्यबस्था गरिने
१४.हरित विद्यालय बनाउन सफल हुने विद्यालयलाइ प्रोत्साहन अनुदान दिइने
१५. जनता मावि हंसपुर र सरस्वती मावि चरकमटिया लाई क्रमशः नमुना विद्यालयको रुपमा विकाश गरिने
१६. गाउँ शिक्षा गुरुयोजना तयार गरी शिक्षा क्षेत्रलाई व्यवस्थित गरिने
१७. सामुदायिक विद्यालयहरुको गुणस्तर सुधारका लागि आवश्यक कार्य गरिने र उत्कृष्ट सामुदायिक विद्यालयलाई पुरस्कृत गरिने
१८. सामुदायिक विद्यालयहरुको सुदृढीकरण गरिने छ । जसका लागि विद्यार्थी शिक्षक अनुपातका आधारमा विद्यालयको कक्षा घटाउने तथा अनावश्यक देखिएका विद्यालयहरुलाई मर्ज गरिने
१९. वाल क्लव,इको क्लवले विद्यालयमा गरेका उत्कृष्ट कामका आधारमा ती क्लवहरुलाई पुरस्कृत गरिने
२०. गाउँपालिकाका सबै वडाहरुलाई पूर्ण खोप घोषणाका कार्यक्रम गरि गाउँपालिकालाई यथाशिघ्र पूर्णखोप गाउँपालिका घोषणा गरिने
२१. हापुरेलाई स्वच्छ तथा सफा राख्न ब्यबस्थित ढल निर्माण गरि हरित शहरको रुपमा बिकास गरिने साथै हापुरेमा ब्यबस्थित बसपार्क निर्माण गरिने
२२ . बबई गाउँपालिकाका सडकहरुको अधिकार क्षेत्र तोकी कार्यान्वयनमा ल्याईने
२३. बबई गाउँपालिका भित्र रहेका सिमसार क्षेत्रहरुको पहिचान गरि संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिने
२४ . खुला स्थानहरुको संरक्षण र विकास गर्दै कम्तीमा "एक वडा एक पार्क " को कार्यक्रम लागू गरिनेछ । सार्वजनिक जग्गाको अतिक्रमण रोकिने
२५. सामुदायिक वनहरुसंगको सहकार्यमा आयमूलक कार्यक्रम संचालन गरिनेछ । साथै सामुदायिक वनमा रहेको स्रोत साधनलाई समेत परिचालन गरि सामुदायिक वन र गाउँपालिकाको साझेदारीमा विकास निर्माणका योजनाहरु संचालन गरिने

| | | | | |
|---|---|---|---|---|
| | | | २६. वडा नं. ७ मा रहेको रात पैरे रहेको लाई प्रमुख पर्यटकीय स्थलको रुपमा विकास गरिने<br>२७. पर्यटकीय स्थलमा शुरु गरिएको पूर्वाधार विकास कार्यलाई बिस्तार गरिनेछ । पर्यटन क्षेत्रको विकासका लागि आवश्यक होटल, रिसोर्ट, मनोरञ्जन तथा विश्रामस्थल निर्माणलाई प्राथमिकता दिइनेरउपयुक्त स्थानमा होमस्टे संचालनका लागि प्रोत्साहन गर्ने नीति लिइने<br>२८. ऐतिहासिक, धार्मिक र प्राकृतिक क्षेत्रमा पदमार्गको विस्तृत अध्ययन गरी संभावित स्थानमा पदमार्ग विकास गरिने<br>२९.बदलिदो परिस्थिति अनुकुल जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई चुस्त, दुरुस्त र सक्षम बनाई राख्न आवश्यक तालिमहरुको अवसर प्रदान गरिने साथै जल्ला÷क्षेत्रिय भ्रमण तथा अनुभव आदान प्रदानको कार्यक्रम संचालन गरिने नीति लिईने<br>३०. ब्यबसायहरुलाई करको दायरामा ल्याई आन्तरिक राजस्वको क्षेमता अभिबृद्धी गर्न करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने | |
| ४३.३ | | | **बजेट कार्यान्वयनः-** स्थानीय तहको सभामा प्रस्तुत आर्थिक वर्ष २०७७।०७८ को बजेट तथा कार्यक्रम कार्यान्वियन गरिएको हुनु पर्दछ । तर कार्यालयले यो वर्षको स्वीकृत बार्षिक बजेट कार्यक्रम मध्ये १३७ वटा कार्यक्रमहरुको रु २ करोड ९८ लाख १० हजारको कार्यक्रम कार्यान्वियन गरेको देखिएन। अतः सभाबाट पारित वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने गरिनु पर्दछ। | |
| ४४ | | | **कोभिड विशेष कृषि कार्यक्रमः** | |
| ४४.१ | | | **कोभिड विशेष कृषि कार्यक्रम:** कोभिडको महामारीका कारण कृषि क्षेत्रमा परेको प्रभाव न्यूनीकरणकालागी ग्रामिण रोजगारी सिर्जना र आय आर्जनमा सघाउने उद्देश्यले प्रदेश सरकारले कोभिड विशेष कृषि कार्यक्रम सन्चालन गर्न स्थानीय तहलाइ सशर्त अनुदानमा बजेट व्यवस्था गरि साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान, कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रिमा अनुदान, एक स्थानीय तह एक उत्पादन कार्यक्रम र कृषि पशुपन्छी अधिकृत जनशक्ति सेवा करार कार्यक्रम स्थानीय तहबाट गराउने उद्देश्यले स्थानीय तह मार्फत सन्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७ कार्यान्वयनमा रहेको देखियो । यस कार्यक्रम अन्तरगत एक स्थानीय तह एक उत्पादन कार्यक्रममा रु १७ लाख विनियोजन भइ रु १७ लाख, विदेशबाट फर्किएका युवाहरुलाई उत्पादन सामाग्रीमा अनुदान रु २० लाख विनियोजन भइ रु १९ लाख ८७ हजार ८३८ र साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदानतर्फ विनियोजन रु १७ लाख ५० हजर विनियोजन भई रु १५ लाख ३० हजार ७४७ समेत कुल विनियोजन रु ५४ लाख ५० हजार भएकोमा खर्च रु ५२ लाख १८ हजार ५८६ खर्च गरेकोमा देहायका व्यहोराहरु देखिएका छन् । | |

| भौ न र मिति | खर्च विवरण | रकम रु |
|---|---|---|
| ९-२०७८।३।२२ | एक स्थानीय तह एक उत्पादन कार्यक्रम अनुदान | १७,००,०००/- |
| १०-२०७८।३।२१ | कोभिड प्रभावित भइ गाउँ फर्केका युवालाई अनुदान | १९,८७,८३८/- |
| ११-२०७८।३।२२<br>१६-२०७८।३।२४ | साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान | १५,३०,७४६/- |
| | **जम्मा** | **५२,१८,५८४/-** |

४४.२ **प्रगति विवरणः** स्थानीय तह मार्फत सन्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को दफा ६ को उपदफा २ र ३ अनुसार स्थानीय तहहरुले कार्यक्रमको चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरि सम्बन्धित जिल्ल स्थित कृषि ज्ञान केन्द्र वा एकिकृत कृषि तथा पशुपंछि विकास कार्यालय मार्फत मन्त्रालयमा पठाउने व्यवस्था रहेकोमा त्यस अुनसार पठाउने गरेको देखिएन । यसम सुधार गरिनु पर्दछ ।

४४.३ **अनुदानग्राहीसंगको सम्झौता कार्यान्वयनः** कार्यालयले अनुदानग्राहीसंग गरेको सम्झौताका शर्तहरुको कार्यान्वयन पूर्णतः कार्यान्वयन भएको हुनु पर्दछ । अनुदानग्राहीसंगको सम्झौताको दफा ७ मा अनुदानग्राहीले नियमित रुपमा प्रगति विवरण लागयत तथ्यांङ्कहरु उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । तर अनुदानग्राहीहरुले त्यस अनुसार तथ्याङ्क तथा प्रगति विवरणहरु पेश गर्ने गरेको देखिएन र कार्यालयलेसमेत त्यस अुनसार माग गर्ने गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।

४४.४ **कार्यक्रमको दिगोपना र निरन्तरता :** कार्यालयद्वारा सन्चालित कार्यक्रमहरु निरन्तर र प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनु पर्दछ । कार्यालयले कोभिड विशेष कार्यक्रम अन्तरगत यो वर्ष विभिन्न कृयाकलाप सन्चालन गर्न रु ५४ लाख ५० हजार विनियोजन भएकोमा अनुदानग्राहीहरुलाई रु ५२ लाख १८ हजार ५८६ खर्च गरेको छ । तर कार्यक्रमको निरन्तरता र दिगोपना हुने गरी कार्यान्वयन गरेको देखिएन । अत: अनुदान कार्यक्रमको दिगोपना र निरन्तरता हुनेगरि प्रभावकारी बनाइनु पर्दछ ।

४४.५ **अनुगमन र मूल्यांकनः** उक्त कार्यविधिको दफा ६(३) अनुसार स्थानीय तहले कार्यक्रम सन्चालनकोलागी आवश्यक प्राविधिक सहयोग र अनुगमन तथा मूल्याङ्कन कार्य गर्ने गराउने व्यवस्था छ । त्यस्तै सोही कार्यविधिको दफा ११ मा मा सम्बन्धित स्थानीय तहले कार्यक्रम सन्चालन र सम्पन्न भए पश्चात अनुगमन तथा मूल्याङ्कन र उपलब्धी मापन गरि प्रतिवेदन गर्नुपर्ने, चौमासिक र वार्षिक रुपमा कार्यक्रमको प्रगति विवरण तयार गरि

| | | | | |
|---|---|---|---|---|
| | | | मन्त्रालयमा पेश गर्नु पर्ने, कार्यक्रमको निरिक्षण, अनुगमन तथा मूल्याङ्कन कार्य प्रदेश सभाको विषयगत विषयगत समिति तथा सम्बन्धित क्षेत्रका माननीय सदस्यहरु, मन्त्रालय, निर्देशनालय र मातहत कार्यालयबाट समेत गरिने र यस बमोजिम निरिक्षण, अनुगमन तथा मूल्याङ्कन गरि दिएको निर्देशनको स्थानीय तह र अनुदानग्राहीले पालना गर्नु पर्ने व्यवस्था रहेको छ । तर त्यस अनुसार कार्यक्रमको निरिक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने गरेको देखिएन । अतः निर्देशिका अनुसार कार्यक्रमको अनुगमन मूल्याङ्कन गरि कार्यक्रमलाई प्रभावकारी बनाईनु पर्दछ । | |
| ४५ | | | **कृषि तथा पशु सेवा कार्यक्रम** | |
| ४५.१ | | | **क) साझेदारीमा भैसी प्रवर्द्धन कार्यक्रम-** गो.भौ.नं १२२-२०७८।३।२२ ५० प्रतिशत लागत साझेदारीमा भैसी प्रवर्द्धन कार्यक्रम अन्तर्गत कार्यालयले विभिन्न ५ भैसी पालक कृषक समुहका ५० कृषक सदस्यहरुलाई प्रति व्यक्ति रु.३६८९०।को दरले रु.१८,४४,५००। भुक्तानी गरेको छ। कृषक समुहका सदस्यहरुले भैसी खरिद गरेको भर्पाइको आधारमा कार्यालयले भुक्तानी खर्च लेखेको छ। भने भैसीपालक कृषक समुहसँग सम्झौता गरी कबुलियत नामा गरेको छैन। खरिद भएका भैसीहरुको विमा तथा स्वास्थ्य परिक्षण समेत नगरी आर्थिक बर्षको अन्त्यमा हुने यस प्रकारको खर्चमा नियन्त्रण हुनुपर्दछ।<br>**ख) घाँस विउ वितरण**– घाँसको विउ खरिद गर्दा सम्बन्धित बर्ष पशु सेवा विभागले निर्धारित गरेको मुल्य (दर) र श्रोत केन्द्रबाट खरिद गरिनु पर्दछ । नमुना छनौट गरी परिक्षण गर्दा कार्यालयले विभिन्न फर्महरुबाट सोझै खरिद गरी भेच घाँस, बर्षिम घाँस, जै घाँस लगायत घाँस खरिदमा रु.११,००,०००। खर्च लेखेको छ । यसरी खरिद गरी वितरण गरेकोमा वितरणमा समानुपातिक नभएको र कतिपय विउ बेर्ना हस्ते भनी बुझिलिएको पाइयो। यसरी बुझेकोमा सम्बन्धित कृषकले पाए भनी आश्वस्त हुन सकिएन। कार्यालयले कृषकको माग, पशुपालक कृषकको जनसंख्या र पशुसंख्या पहिचान गरी घाँसयोग्य जमिनको क्षेत्रफल अनुसार वितरण गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले यस प्रकारको वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ४५.२ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु ५ लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । बाख्राको खोर निर्माण तथा बाख्रा अनुदान कार्यक्रम अन्तर्गत वडा नं.५ ले यस बर्ष कर्मठ सामाजिक उद्यमि महिला सहकारी संस्थाबाट रु.६,७५,४५०। मा ५७ बाख्रा खरिद गरि ५७ कृषकहरुलाई वितरण गरेको छ। बाख्रा खरिद गर्दा प्रस्ताव आव्हान गरी प्रतिस्प्रधाको आधारमा खरिद गर्नुपर्नेमा कार्यालयले सोझै खरिद गरी उक्त कार्यक्रममा रु.७,५०,०००। खर्च गरेको छ । यसरी खरिद गरेका बाख्राको स्वास्थ्य परिक्षण तथा पशु विमा गरेको छैन। वितरित बाख्राहरु निश्चित अवधिसम्म बेचविखन गर्न नपाउने गरी कृषकहरुसंग कबुलियतनामा गराउनुपर्नेमा गराएको छैन। वितरण भर्पाइमा बुझीलिनेको सम्पर्क ठेगाना खुलाउनुपर्नेमा सो समेत नखुलाई न्यूनतम मापदण्डको समेत पालना नगरी आर्थिक बर्षको अन्त्यमा खरिद गरी वितरण गरेको उचित देखिएन। | |
| ४५.३ | | | १०९-२०७८/३/२२ चित्रलेखी बहुउद्देश्यिय पशु कृषि समितिलाई दिएको पेश्की रु.२,७०,०००। फछ्र्यौट गर्दा उक्त कृषि फर्मले माता मनकामना | |

| | | | | |
|---|---|---|---|---|
| | | | कृषि तथा पशुपालन फर्मबाट खरि बाख्रा ५०० के.जी प्रति के.जी रु.४०० को दरले रु.२,००,०००। र बोयर बोका ३४ केजी प्रति केजी रु.१५००। को दरले रु.५१०००। मा खरिद गरेको विल पेश गरेको छ । यसरी खरिद गरेकोमा कति संख्यामा बाख्रा तथा बोका खरिद भएको हो सो खुलेको छैन भने उक्त समुहले खरिद गरेका बाख्राहरुको विमा तथा स्वास्थ्य परिक्षण र समुहसंगको कबुलियतनामा गरेको छैन। आर्थिक बर्षको अन्त्यमा भएको यस प्रकारको वितरणमुखी कार्यक्रममा नियन्त्रण हुनुपर्दछ। | |
| ४५.४ | | | १०५-२०७८।३।२१ साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम अन्तर्गत वडा नम्बर ६ मा टनेल तरकारी खेती कार्यक्रम सञ्चालन गर्न कार्यालयले प्रगतिशिल कृषक समुहलाई सोझै छनौट गरी गाउँपालिका अनुदान रु.६१२१७५। र समुहको योगदान रु.४८६३२५। हुने गरी रु.१०९८५००। मा सम्झौता गरेको छ। कार्यालयले कृषकहरुबाट माग संकलन गरी मागको आधारमा व्यवसायीक कृषि फार्महरुबाट प्रस्ताव माग गरी पेश भएका मध्येबाट उत्कृष्ट समुह छनौट गर्नुपर्नेमा छनौटको प्रक्रिया पुरा गरेको छैन। सो संस्थाले टनेल तरकारी खेती कार्यक्रममा रु.९७५६९३। खर्च भएको विल भर्पाइ पेश गरेको आधारमा कार्यालयले रु.५८६०५६। भुक्तानी गरेको छ। सम्झौता अनुसार कार्यालयले कार्यसम्पन्न रकमको ५५.७३ प्रतिशतले हुने रु.५४३७५४। मात्र भुक्तानी हुनुपर्नेमा रु.५८६०५६। भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.४२३०२ सम्बन्धितबाट असुल हुनुपर्ने रु. | ४२,३०२ |
| ४५.५ | | | गो.भौ.नं १०८-२०७८।३।२२ बाख्राको साना व्यवसायीक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सञ्चालन बापत शाखा प्रमुख कमनसिँह नेपालीलाई रु.१,५०,०००। भुक्तानी गरेको छ। कार्यक्रमको कार्यप्रगति अनुसार ५ समुहमा कार्य सञ्चालन भएको र १ समुहमा १० जना सहभागि उपस्थित भएको देखिन्छ। तर सो कार्यक्रमको खर्च विल भर्पाइ परीक्षण गर्दा १० समुहको प्रति समुह स्टेशनरीमा रु.१,५००। र खाजामा रु.३,०००। खर्च लेखेको छ। सो स्टेशनरी र खाजा नास्ता खर्च विलमा जारी मिति समेत उल्लेख भएको छैन। मिति समेत उल्लेख नभई कार्यप्रगति भन्दा ५ बढी समुह देखाई खर्च गरेको रकम रु.२२,५००। सम्बन्धितबाट असुल हुनुपर्ने रु. | २२,५०० |
| ४६ | | २०७८-१०-१२ | **संगठन विकास अध्ययन सर्वेक्षण**<br>सबै स्थानीय तहहरुको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।४।६ को संगठन संरचना र दरबन्दी स्वीकृत सम्बन्धी पत्र अनुसार स्थानीय तहको कार्य प्रकृति, सेवा प्रवाह एवम् विकास व्यवस्थापनको आवश्यकता, भौगोलिक स्थिती, सेवा पुर्‍याउनुपर्ने जनसंख्या समेतका आधारमा स्थायी संगठन संरचना र दरबन्दी निर्धारण गर्नुपर्ने उल्लेख छ। परिपत्रको बुंदा नम्बर ४ अनुसार मन्त्रालयले निर्धारण गरेको अन्तरिम संगठन संरचना एवं दरबन्दीमा आवश्यक सेवा समुह, श्रेणी र पदमा दरबन्दी थपघट गर्नुपर्ने भएमा सोको पुष्टाई सहित दरबन्दी प्रस्ताव र प्रस्तावित पदको कार्यविवरण र संगठन चार्ट तयार गरी सामान्य प्रशासन मन्त्रालयमा पठाउनुपर्ने उल्लेख छ। मन्त्रालयको परिपरत्र अनुसार कार्यालयले आवश्यक सेवा समुह, श्रेणी र पद संख्या निर्धारण गरी मन्त्रालयमा पठाएको देखिएन। कार्यालयले आवश्यक दरबन्दी निर्धारण गरी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउनुपर्नेमा सो नगरी यो बर्ष सार्प रिसर्च सेन्टर प्रा.लीबाट संगठन विकास अध्ययन सर्वेक्षण गराई रु.४९२६८०। खर्च लेखेको छ। संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरी संगठन संरचना गर्नुपर्दछ। | |
| ४७ | | | **सुरक्षित आप्रवासन कार्यक्रम** | ४१,४०७ |

| | | | | |
|---|---|---|---|---|
| | | | नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता बमोजिम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत दाङ जिल्लाको बबई गाउँपालिकामा सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालनमा रहेको छ। सुरक्षित वैदेशिक रोजगार सम्बन्धि समुदाय सचेतिकरण कार्यक्रम, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्बन्धि कार्यक्रममा सहयोग पुर्‍याउने गरी यस कार्यक्रमको लागि अपाङ्ग मानव अधिकार एवम् सरोकार मञ्च नेपाल छनौट भई कार्य गरेको छ। सुरक्षित आप्रवासन परियोजना (सामि) परियोजना कार्यान्वयन निर्देशिका, २०७६ अनुसार स्थानीय तहले भुक्तानी गर्ने रकममा शिरोभार खर्च कट्टि गर्ने सम्बन्धमा कुनैपनि व्यवस्था गरेको छैन। कार्यालयले यस बर्ष अपाङ्ग मानव अधिकार एवम् सरोकार मञ्च नेपाललाई ३% शिरोभार खर्च रु.४१४०७। थप गरी रु.१६,०६,४६३। भुक्तानी गरेको छ। निर्देशिका विपरितको यस प्रकारको भुक्तानी असुल हुनुपर्ने रु. | |
| ४८ | | | **लैङ्गिक हिंसा निवारणकोष**<br>विनियोजन भएको रकम खर्च नभएमा सम्बन्धित सञ्चित कोषमा रकम फिर्ता गर्नुपर्दछ । कार्यालयले यो बर्ष लैङ्गिक हिंसा निवारण सम्बन्धि कार्यक्रम सञ्चालन गर्न संघिय सरकार अनुदान शिर्षकबाट रु.१,००,०००। रकम ट्रान्सफर गरी लैङ्गिक हिंसा निवारणकोषमा जम्मा गरेकोमा सो रकम खर्च नभएकोले बाँकी रकम संघिय सञ्चितकोष फिर्ता गर्नुपर्ने रु. | १००,००० |
| ४९ | | | **योजना तथा कार्यक्रम कार्यान्वयन**<br>यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्;<br>:<br>**क) निर्माण कार्यको गुणस्तर** – खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीले उपलब्ध गराउनुपर्ने र स्वीकृत योजना अनुसार परीक्षण गरी गुणस्तर प्रक्रिया संचालन गर्नुपर्ने उल्लेख भएतापनि यो वर्ष गाउँपालिका कोष पूँजीगतवाट रु. १६ करोड ८९ लाख ९० हजार पुँजीगत खर्च गरेकोमा अधिकाशं योजनाको गुणस्तर परीक्षण गरेको पाईएन। निर्माण कार्यको गुणस्तर आश्वस्तता हुन प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउनु पर्दछ।<br><br>**ख)कन्टिन्जेन्सी खर्च अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गरेको देखिएतापनि कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी नराखेकोले कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ।<br><br>**ग) ठेक्का बन्दोबस्त** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ को उपनियम (७) कार्यालयले बार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको पूर्वतयारी अवस्था, खरिद विधि छनौट, प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन, लागत अनुमान तयार गर्ने तथा बोलपत्र तयार गर्ने जस्ता कार्यहरु प्रथम चौमासिक अवधिमा सम्पन्न गरिसक्नुपर्ने व्यवस्था छ । ठेक्का बन्दोवस्त विवरण माग भएकोमा सोको विवरण प्राप्त भएन। कार्यालयले बजेट शिर्षक अनुसारको ठेक्का लगत राखी नियमावली अनुसार तोकिएको अवधिमा ठेक्काबन्दोबस्त तथा स्वीकृती समेतका कार्यहरु गर्नुपर्दछ । | |

**घ) अद्यावधिक बिबरण -** कार्यालय सञ्चालनको हिसाब राख्न र खर्चसँग सम्बन्धित विवरणहरु तयार गर्न महालेखा नियन्त्रकको कार्यालयले स्वीकृत म.ले.प फारामहरुको ढाँचा प्रकाशन गरेको छ। अन्य फारामहरुको अतिरिक्त पूर्वाधार विकास सम्बन्धि काम गर्ने कार्यालयहरुले ठेक्का सम्बन्धि विवरण म.ले.प.फा.नं. 507 अद्यावधिक राख्नुपर्दछ । कार्यालयले स्वीकृत ढाँचामा विवरण राखेको छैन । लेखापरीक्षणको क्रममा ठेक्कासँग सम्बन्धित आवश्यक सूचना प्राप्त गर्ने प्रयोजनको लागि फाराम उपलब्ध गराएकोमा उक्त फाराम पूर्ण रुपमा भरी उपलब्ध नगराएकोले सञ्चालित ठेक्काहरुको भेरियसन स्वीकृती, म्याद थपको अवस्था, विमा व्यवस्था, कार्य सम्पादन जमानतको म्याद, पेश्कीको म्याद तथा मूल्य समायोजन सम्बन्धि विश्लेषण गर्न सकिएन । स्वीकृत ढाँचामा विवरण अद्यावधिक राख्न कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

**ङ) योजना छनौट र कार्यान्वयन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ। सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाख सम्म | रु २ लाख देखि ५ लाख सम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाख भन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ४६ | ७८ | १०५ | १७ | ३१ | २७७ |

उपरोक्त विवरण अनुसार कार्यालयले यस बर्ष २७७ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ४६ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

५०

**सार्वजनिक खरिद**

यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्;

:

**क) खरिद कारवाही अभिलेख –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

<table>
<tr><td></td><td></td><td></td><td>ख) वडा कार्यालयवाट खरिद – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वडा कार्यालयहरुको कार्य सञ्चालन र व्यवस्थापन तर्फ ७ वटा वडाहरुमा रु. ७३ लाख ५५ हजार विनियोजन भई खर्च भएको देखिन्छ । वडा खरिदको नमुना छनौट गरी परीक्षण गर्दा वडा सञ्चालनको लागि आवश्यक सामग्री वडा सचिव आफैले माग फारम तयार गर्ने, खरिद आदेश दिने र वडाको छुट्टै जिन्सी खातामा प्रविष्टी गर्ने, दाखिलामा जिन्सी सम्बन्धी आवश्यक स्पेशिफिकेशन नखुलाइ जिन्सी आम्दानी गर्ने र कार्यालयले सोही बमोजिम विल भुक्तानी गर्ने गरेको पाइयो । बजेट संचालन गर्ने निकायवाट सामग्री खरिद गरी मुल जिन्सी अभिलेखमा चढाई हस्तान्तरण मार्फत वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको जिन्सी सहायक जिन्सी खातामा आम्दानी गर्नुपर्नेमा सो नगरेको कारण एकीकृत जिन्सी अभिलेख तयार भएको देखिएन । यसमा सुधार हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>सोझै खरिद<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु ५ लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । नमुना छनौट विधिबाट परीक्षण गर्दा कार्यालयले यस आर्थिक बर्षमा विभिन्न कार्यालय सामान तथा फर्निचरहरु विभिन्न मितिमा विभिन्न फर्महरुसँग पटक पटक गरी रु.७९,४२,८४४/- को सोझै खरिद गरेको देखियो । त्यस्तै कार्यालयले नियमावली विपरीत निम्न फर्महरुबाट रु. ५ लाख भन्दा बढीको खरिद गरेको छ । प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिद रु.२०,८८,५६४। नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>क्र.स</th><th>फर्मको नाम</th><th>सामानको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>प्रतिभा अफसेट प्रेस</td><td>छपाइ तथा स्टेशनरी सामान</td><td>७९८१२२</td></tr>
<tr><td>२</td><td>ग्रेसी इलेक्ट्रोनिक्स एण्ड सप्लायर्स</td><td>टोनर प्रिन्टर लगायत</td><td>७२३०२०</td></tr>
<tr><td>३</td><td>राप्ती स्टेशनरी एण्ड जनरल सप्लायर्स</td><td>स्टेशनरी सामान</td><td>५६७४२२</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२०८८५६४</td></tr>
</table></td><td>२,०८८,५६४</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>कार्यक्रम खर्च<br>क) कार्यक्रमको उपादेयता- कार्यालयले विनियोजित बजेट र सञ्चालित कार्यक्रम विच उचित तालमेल गरी अधिकतम प्रतिफल हासिल गर्नुपर्दछ। सभाबाट यस बर्ष दलित र गैर दलित विच अन्तरघुलन कार्यक्रममा रु.४०००००। विनियोजन गरी सो कार्यक्रम सञ्चालन गर्न दलित सेवा संघ छनौट भई कार्य गरेको छ। कार्यक्रम सञ्चालन गरी भुक्तानीको लागि सो संस्थाले पेश गरेका विल भर्पाइ परिक्षण गर्दा उक्त संस्थाले ब्रोसर छपाई, होडिङ बोर्ड जस्ता कार्यहरुमा रु.३,२१,८१४। खर्च गरेको विल भर्पाइ पेश भई सोही अनुसार भुक्तानी भएको छ। दलित र गैरदलित समुदाय विच अन्तक्रिया कार्यक्रम सञ्चालन गरी जातिय विभेद तथा छुवाछुत विरुद्धको संवैधानीक तथा कानुनी व्यवस्थाको बारेमा सचेतना गर्नुपर्नेमा सो नगरी कार्यक्रमको उद्वेश्य विपरित छपाइ र होडिङ बोर्डमा खर्च लेखेको उचित देखिएन। छुवाछुत तथा जातिय भेदभाव अन्त्य भई न्याय र समतामुलक समाज निर्माणमा सहयोग पुग्ने खालका कार्यक्रम सञ्चालन गरी राज्यको पहुँचबाट टाढा रहेको बर्गलाई मुलप्रवाहिकरण गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | **ख) वितरणमुखी कार्यक्रम** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यालयले कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वियन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान नगरी विना आधार र समूहको सिफारीस वेगर दामासाही वितरण गरेको, वितरण गर्दा व्यक्तिको खरिद गर्न सक्ने क्षमतालाई समेत मध्येनजर नराखेको, वितरित सामानको दिगो उपयोगको व्यवस्था नमिलाई व्यक्ति तथा संस्थालाई बस्तुगत अनुदान वितरण गर्ने कार्य उचित देखिएन । यस प्रकारको वितरणमुखी कार्यक्रम नियन्त्रण हुनुपर्दछ। | |

| भौ.नं. मिति | विवरण | अनुदान रकम |
|---|---|---|
| १७९,२५८-२०७८।१।६ | वडा नं.२ र ३ मा ४ हप्ते कुखुरा वितरण | २००००० |
| ३३६-२०७८/३/९ | वडा नं. ६ का सुनौला हजार दिनका आमाहरुलाई फिल्टर वितरण | २८६००० |
| ३९७-२०७८।३।२२ | सुनौला हजार दिनका आमाहरुलाई अण्डा वितरण | ५०००० |
| ४०८-२०७८।३।२२ | वडा नं.२ मा माहुरीको घार वितरण | २००००० |
| ४५१-२०७८।३।३० | वडा नं.६ मा ब्याग ट्राकसेट सट पाइन्ट वितरण | ९८२०५ |
| ४५३-२०७८।३।३० | बडा नं.६ मा बाख्रा वितरण | २५०००० |
| | **जम्मा** | **१०८४२०५** |

| | | | | |
|---|---|---|---|---|
| ५३ | | | **पारिश्रमिक आयकर**<br>आयकर ऐन ,२०५८ को दफा ८७ (1)अनुसार आयमा लाग्ने पारिश्रमिक करको गणना गर्दा करयोग्य आयको पहिलो एकलाखमा १० प्रतिशत,दोश्रो २ लाखमा २० प्रतिशत, पारिश्रमिक करकट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार निम्न विद्यालयका निम्न शिक्षकहरुको पारिश्रमिक आयकर बापत रु.८४३२२। कट्टा गर्नुपर्नेमा रु. ६७०६१। मात्र पारिश्रमिक कर कट्टा गरेकोले नपुग पारिश्रमिक कर रु.१७२६१।– असुल गर्नुपर्ने रु. | १७,२६१ |

| क्र.स | विद्यालयको नाम | कर्मचारीको नाम थर | बार्षिक आय | आयकर छुट रकम | कर योग्य आय | गर्नुपर्ने कट्टि | गरेको कट्टि | नपुग कर |
|---|---|---|---|---|---|---|---|---|
| १ | सरस्वती मावि चरकमटिया | नरकान्त अधिकारी | ६८६१७८ | ६५९०१६ | २७१६२ | ७२१६ | ४५०० | २७१६ |
| ३ | जनता मा.वि हंसपुर | मोहन कुमार दाहाल | ६८६१७८ | ५६९०१६ | ११७१६२ | १७९३२ | १५९३२ | २००० |
| ४ | जनता मा.वि हंसपुर | कुलराज लामिछाने | ६८६१७८ | ५६९०१६ | ११७१६२ | १७९३२ | १४७४४ | ३१८८ |
| ६ | जनता मा.वि हंसपुर | गनेशमान खड्का | ६६९१३८ | ५६६१३६ | १०३००२ | १५१०० | ९०१० | ६०९० |
| ७ | जनता मा.वि हंसपुर | तिल बहादुर ताराम | ५६२५४० | ४५०००० | ११२५४० | १७००८ | १५२७० | १७३८ |
| १० | जनता मा.वि हंसपुर | दिलिपचन्द्र क्षेत्री बालान | ६००९७८ | ५५४६१६ | ४६३६२ | ९१३६ | ७६०७ | १५२९ |
| | | जम्मा | ७११७१३२ | ६२४१३३२ | ८७५७९९ | ८४३२२ | ६७०६१ | १७२६१ |

| | | | | |
|---|---|---|---|---|
| ५४ | | | **स्वास्थ्य कार्यक्रम** | |
| ५४.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) अनुसार स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ख (२) अनुसार स्थायी कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराउनुपर्ने उल्लेख छ । कार्यालयले यो बर्ष सशर्त कार्यक्रम तर्फ स्वास्थ्य, आयुर्वेदका स्थायी १६ कर्मचारीहरुको रु.८३,९९,०९२ तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबि प्रतिवेदन पारित गर्नुपर्ने सम्बन्धमा गत विगतमा समेत औल्याउदै आएकोमा यसमा सुधार भएको छैन। यसबाट कार्यालयले खर्च लेखेको ग्रेड रकमको सम्बन्धमा एकिन हुन सकिएन। आन्तरिक लेखापरीक्षण शाखा गठन भई पदपुर्ति समेत भएको अवस्थामा स्थायी कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गरी ग्रेड रकम अनुसार तलब खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ५४.२ | | | कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन । | |
| ५४.३ | | | कोभिड भत्ता कोरोना भाइरस (कोभिड–१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ बमोजिम जोखिम भत्ता प्राप्त गर्नको लागि पुष्ट्याई सहित खटाएको जनशक्तिले सुरु तलब स्केलको आधारमा पहिलो लाइनमा खटिएका स्वास्थ्यकर्मीहरुले | १७४,९७४ |

१०० प्रतिशत, दोश्रो लाइनमा खटिएका स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीले ५० प्रतिशत र तेश्रो लाइनमा खटिने कर्मचारीहरुले २५ प्रतिशत भत्ता पाउने उल्लेख छ । कार्यालयले कोभिड भत्ता बापत स्वास्थ्यकर्मीहरुको लागि रु.९,१८,१८३। र सुरक्षाकर्मीलाई ४७९७३। समेत रु.९,६६,१५६। भुक्तानी गर्दा निम्न कर्मचारीहरुलाई ग्रेड रकम समेत समावेश गरी निम्नानुसार भुक्तानी गरेकोले ग्रेड बापत नपाउने भत्ता र बढी भुक्तानी दिनको रु.१,७४,९७४। असुल हुनुपर्ने रु.

| क्र.स | पदाधिकारीको नाम | तलब स्केल | ग्रेड रकम | जम्मा भुक्तानी | ग्रेड रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हरि बहादुर खड्का | ३८३९० | ९६०० | ४७९९० | १९२०० | २०७७ साल साउन र भदौ |
| २ | हेमराज वली | ३८३९० | ९६०० | ४७९९० | १९२०० | |
| ३ | कमल कनौ थापा | ३८३९० | ९६०० | ४७९९० | १९२०० | |
| ४ | शरद राज गिरी | २८२०० | ७६२० | ३५८२० | १५२४० | |
| ५ | माया बस्नेत | २८२०० | ६५८० | ३४७८० | १३१६० | |
| ६ | मिना वली | २८२०० | ६५८० | ३४७८० | ६५८० | |
| ७ | शुसिला शर्मा | २८२०० | ६५८० | ३४७८० | ६५८० | |
| ८ | सिद्धिबहादुर के.सी | २८२०० | ६५८० | ३४७८० | ६५८० | |
| ९ | सिताराम चौधरी | २८२०० | ४७०० | ३२९०० | ४७०० | |
| १० | गिता शर्मा | २६६१० | ७०९६ | ३३७०६ | ७०९६ | |
| ११ | सावित्रा चौधरी | २६६१० | ७०९६ | ३३७०६ | ७०९६ | |
| १२ | सरिता कुसारी | २६६१० | ५३२२ | ३१९३२ | ५३२२ | |
| १३ | मञ्जु श्रेष्ड | २६६१० | ६२०९ | ३२८१९ | ६२०९ | |
| १४ | दिप्सना वि.सी | २६६१० | ५३२२ | ३१९३२ | ५३२२ | |
| १५ | कौशिला भण्डारी | २६५७० | ५३१६ | ३१८८६ | ५३१६ | |
| १६ | हेमराज वली | ४०७९० | २४०० | ४३१९० | ४८०० | |
| १७ | शरद राज गिरी | ३००८० | १८८० | ३१९६० | ३७६० | २०७८साल बेशाख र जेष्ठ |
| १८ | यम बहादुर खत्री | २८३८४ | १७७४ | ३०१५८ | ३५४८ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | भगवती बस्नेत | २८३८४ | १७७४ | ३०१५८ | ३५४८ | |
| २० | सरिता कुसारी | २८३८४ | १७७४ | ३०१५८ | ३५४८ | |
| २१ | गोविन्द प्रसाद वर्मा | २०६८० | ४१३४ | २४८१४ | ८९६९ | २०७६ चैत्र देखी ७७ असार |
| | **जम्मा** | | | ० | **१७४९७४** | |

| | | | | |
|---|---|---|---|---|
| ५५ | | | **खर्च विश्लेषण**<br>पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. १ करोड ५० लाख ८३ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु. ४४ करोड ३६ लाख ९४ हजार समेत रु. ४५ करोड ८७ लाख ७७ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २६ करोड ६२ लाख ५१ हजार र पूँजिगत तर्फ रु. १६ करोड ८९ लाख ९० हजार समेत रु ४३ करोड ५२ लाख ४२ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.४७ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु. ७६ लाख १७ हजार खर्च भएको छ । जुन आन्तरिक आयको ५०.५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१.१७ प्रतिशत चालु र ३८.८३ प्रतिशत पूँजिगतमा खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ। | |
| ५६ | | | **ढिला आय दाखिला**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको अवस्थामा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले १० दिन सम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्र अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने उल्लेख छ। वडा नम्बर ७ का वडा सचिव मान बहादुर बस्नेतले आ.ब २०७७।७८ मा रु.७६३४४० राजश्व संकलन गरेकोमा आषाढ मसान्तमा रु.५६४२५५ मात्र दाखिला गरेको र रु.१९९१८६।२५ असुल हुन बाँकी भनी लेखापरीक्षणले औल्याए पश्चात रकम बैङ्क दाखिला भएको प्रमाण पेश भएको छ। ढिला गरी राजश्व दाखिला गरेको हकमा निजलाई सचेत गराइ सो बापतको जरीवाना रु.१९,९१८। असुल हुनुपर्नेमा रु. | १९,९१८ |
| ५७ | | | **पेश्की बाँकी** | |
| ५७.१ | | | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कार्यालयले निम्न फर्महरुलाई रु.१११९३२७०।–<br>मोविलाइजेशन पेश्की दिएकोमा सो पेश्की नियम ५२(३) अनुसार म्याद नाघेको छैन । तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछ्यौट गर्ने<br>तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |

| क्र.स | फर्मको नाम | पेश्की रकम | पेश्की रकम |
|---|---|---|---|
| १ | राप्ती विल्डर्स | न्चकुले चरकमटिया सडक स्तरोन्नति | ४७५००० |
| २ | प्रजिल कन्स्ट्रक्सन प्रा.लि. | सल्लिकोट भ्यू टावर निर्माण | ६५०००० |
| ३ | जन कल्याण प्रावि भागावारी | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | १८००००० |
| ४ | जन कल्याण मा.वि. पदमपुर | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ७००००० |
| ५ | जन शक्ति प्रावि विजयनेटा | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ६५०००० |
| ६ | जन शक्ति प्रावि विजयनेटा | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ५०३००० |
| ७ | जनता आवि जिला | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | १८००००० |
| ८ | जनता माध्यामिक विद्यालय हंसपुर | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ७००००० |
| ९ | भानु भक्त मावि कौसिलापुर | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | १८००००० |
| १० | श्री लक्ष्मी प्राथामिक विद्यालय कप्ताने | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | १८००००० |
| ११ | मुनाल कन्सल्ट्यान्ट प्रा.लि. | व्यक्तिगत घटना दर्ताका डिजिटलाइजेशन | ३१५२७० |
| | जम्मा | | १११९३२७० |

| | | | | |
|---|---|---|---|---|
| ५७.२ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की लिने व्यक्ती वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक विल भरपाई र कागजात सहितको प्रतिवेदनको आधारमा पेश्की फछ्यौट गर्नुपर्ने उल्लेख छ । कार्यालयले पेश गरेको विवरण अनुसार निम्न कर्मचारी र संस्थालाई गएको पेश्की फछ्यौट हुनुपर्ने रु. | ५,६०१,४२२ |

| क्र.स | विवरण | पेश्की रकम | |
|---|---|---|---|
| १ | डम्बर बहादुर सिरिस | भ्रमण खर्च | ६००० |
| २ | भुवनेश्वर पौडेल | भ्रमण खर्च | १२००० |
| ३ | हेफर प्रोजेक्ट नेपाल | विभिन्न साझेदारी कार्यक्रम | १५०००००० |
| ४ | देवेन्द्र सारू मगर | मातृ तथा नवशिशु कार्यक्रम | २०००० |
| ५ | हेमराज ओली | सिकलसेल एनिमिया जनचेतनामुलक कार्यक्रम | १००००० |
| ६ | कमल वहादुर कनौ थापा | पानी तथा विजुली | १५००० |
| ७ | कर्ण बहादुर पुन | भ्रमण खर्च | ५००० |
| ८ | कुमारी खड्का भण्डारी | सुत्केरी पोषण कार्यक्रम | १००००० |
| ९ | प्रदिप अधिकारी | सुत्केरी पोषण कार्यक्रम | १००००० |
| १० | प्रेम वहादुर वली | सुत्केरी पोषण कार्यक्रम | १००००० |
| ११ | मान बहादुर बस्नेत | सुत्केरी पोषण कार्यक्रम | १००००० |
| १२ | लक्ष्मी भण्डारी | सुत्केरी पोषण कार्यक्रम | २९८००० |
| १३ | विमला केसी | सुत्केरी पोषण कार्यक्रम | १००००० |
| १४ | सम्झना चन्द | सुत्केरी पोषण कार्यक्रम | ५५०००० |
| १५ | तेजेन्द्र बहादुर घर्ति | विभिन्न कार्यक्रम | ५३१००० |
| १६ | चन्द्रशोभा कँडेल | विभिन्न कार्यक्रम | ९७००० |
| १७ | डिल्ली बहादुर वली | विभिन्न कार्यक्रम | १००००० |
| १८ | यज्ञ वहादुर डागी | विभिन्न कार्यक्रम | ४००००० |

| | | | |
|---|---|---|---|
| १९ | न्यू रोज फोटो एण्ड आटर्स | विभिन्न कार्यक्रम | १२५००० |
| २० | सुरक्षित नागरिक आवास | विभिन्न कार्यक्रम | १३४२४२२ |
| | जम्मा | | ५६०१४२२ |

| | | | | |
|---|---|---|---|---|
| ५८ | ४२ | २०७८-३-२९ | **सुक्षित नागरिक आवास कार्यक्रमः** | १,३४२,४२२ |

**निकासा र खर्च:** गरिवीको रेखामूनी रहेका र प्रकोपका कारण घरबार विहिन भएका विपन्न परिवारहरुले सुरक्षित र वातावरणमैत्री आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदकोलागी र पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरि सुरक्षित नागरिक आवास निर्माणकालागी यो कार्यक्रम लागु भएको छ । कार्यक्रम कार्यान्वियनकालागी शहरी विकास भवन निर्माण विभागद्वारा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ जारी गरेको छ । यस पालिकाले यो वर्ष कार्यक्रम कार्यन्वयनकालागी रु१३,४२,४२२/- खर्च लेखेकोमा देहायको व्यहोराहरु देखिएका छन् ।

| कृयाकलापको नाम | लाभग्राही संख्या | दर रु | जम्मा रु |
|---|---|---|---|
| सुरक्षित आवास | ९१ जना | ७,६५८/- | ६,९६,८७८/- |
| बाढी पिडित आवास | ६१ जना | १०४१२ | ६,४५,५४४/- |
| **कूल** | १५२ जना | | १३,४१,४२२/- |

**क) सुविधा:** कार्यविधिको दफा २१ मा नेपाल सरकारबाट भूकम्प पून निर्माण, प्रकोप व्यवस्थापन वा यस्तै अन्य कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यो अनुदान उपलब्ध गराईने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले उक्त विषय यकिन गरेको देखिएन ।

ख) **किस्ता भुक्तानी:** कार्यविधिको दफा ५ को उपदफा ४, ७ र ८ अनुसार सम्झौता भएपछि अनुदान दिइने रु ५० हजारको पहिलो किस्ता ६० प्रतिशत रकम उपलब्ध गराईने र सो रकमबाट जस्तापाता,काठ लगायतको निर्माण सामाग्री खरिद गरी निर्माण कार्य अघि बटाउनु पर्ने र उक्त रकमबाट जस्तापाता र काठ लागायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी प्राविधकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाई दोश्रो तथा अन्तिम किस्तावापत ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउनु पर्ने व्यवस्था छ । तर पालिकाले लाभग्राहीलाई आर्थिक वर्षको अन्तमा ९१ जनालाई रु ७,६५८/- र ६१ जनालाई रु १०,४१२/- का दरले पेश्की अनुदान दिएको देखियो । अत कार्यविधि अनुसार निर्धारित किस्तामा लाभग्राहीलाई अनुदान दिनु पर्ने देखिन्छ ।

**ग) पेश्की अनुदान र समय;** पालिकाले अनुदानग्राहीलाई घर निर्माणकालागी अनुदान उपलब्ध गराउँदा घर निर्माण गर्ने मौसमसमेतको आधारमा अनुदान किस्ता उपलब्ध गराएको हुनु पर्दछ । पालिकाले अनुदानग्राहीलाई सामान्यत घर नबनाईने र खेतीपाती लगाइने वर्षायामको समयमा पेश्की किस्ता स्वरुप अति नै न्यून रकम रु ७,६५८/- र रु १०,४१२/- का दरले निकासा गर्दा लाभग्राहीले घर नै नबनाइ अन्य प्रयोजनमा खर्च गर्नसक्ने जोखिम रहने भएकोले यसमा सुधार गरिनु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| | | | **घ) कार्य प्रगतिः** कार्यविधिको दफा ६ अनुसार कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान लिएमा वा जुन प्रयोजनकालागी अनुदान उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा किस्ता बमोजिमको गर्नु पर्ने प्रगति अनुदान उपलब्ध गराएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम असुल उपर गर्ने व्यवस्था छ । तर पालिकाले आषाढ महिनाको अन्तमा कार्य प्रगतिको आधार नलिई न्यून रकमको किस्तामा अनुदान दिएको देखियो । अत कार्यविधिको अनुशरण गरी अनुदानको उपयोगलाई प्रभावकारी बनाइनु पर्दछ । | |
| ५९ | | | **निशुल्क पाठ्यपुस्तक वितरण कार्यक्रमः** | |
| ५९.१ | | | **पाठ्यपुस्तक वितरणः** कार्यालयले माध्यामिक तहसम्मको शिक्षा निशुल्क वितरण गर्ने नेपाल सरकारको निति अनुसार विद्यालयहरुलाई दिएको निकासाबाट खरिद पुस्तक सम्बन्धित विद्यार्थीहरुले प्राप्त गरेको हुनु पर्दछ । पालिका क्षेत्रभित्र पालिकाले पाठ्यपुस्तक निकासा दिनुपर्ने ३४ वटा विद्यालयहरुकालागी यो वर्ष रु ३२,९२,०००/- निकासा दिएको देखियो । पालिकाबाट निकासा पाउने ३४ विद्यालय मध्ये नमूनाको रुपमा सरस्वती मा वि चरकमटिया, जनता मा वि हंशपुर, सरस्वती जनता मा वि गंगटे, जनकल्याण मा वि पदमपुर, जनता आ वि जिला, लक्ष्मी प्रा वि कमाने, सृजनशिल प्रा वि क्यूरेनी र सूर्यवालकल्याण प्रा वि पातिहाल्नासमेत ८ विद्यालयलाई नमूना छनौट गरि वितरित निःशुल्क पाठ्यपुस्तकको विवरण परिक्षण गर्दा देहायको व्यहोराह देखियो । यस्तै व्यहोराहरु अन्य विद्यालयमासमेत हुने भएकोले कार्यालय स्वयंले यकिन गरि कारवाहि गर्नु पर्दछ ।<br>**क)** पालिकाले विद्यालयहरुलाई पाठ्यपुस्तक खरिदकालागी दिएको निकासा रकम खर्च पश्चात विद्यालयबाट ;सम्बन्धित विद्यार्थीले वा निजका अभिभावकहरुले पुस्तक बुझेको भरपाईहरु माग गरि फरफारक गर्ने गरेको देखिएन । लेखापरीक्षणको समयमा पेश भएका भरपाईहरुको हस्ताक्षरको लिपी उस्तै उस्तै रहेको देखिएकोले आन्तरिक नियन्त्रण गरेको देखिएन ।<br>**ख)** सवै विद्यालयले विद्यार्थीहरुलाई पुस्तक वितरण गरेको भरपाईहरुमा विद्यार्थीको रकम बुझेर लैजाने अभिभावकको नाम र सम्पर्क मोबाइल नम्बर उल्लेख गर्ने नगरेकोले पालिकाको आन्तरिक नियन्त्रण गरेको देखिएन ।<br>**ग)** निःशुल्क पाठ्यपुस्तक वितरण कार्यको पालिकाले अनुगमन गर्ने तथा अनुगमन प्रतिवेदन तयार गर्ने गरेको देखिएन ।<br>**घ)** सरस्वती मा वि चरकमटियाको कक्षा ५ को पुस्तक वितरणमा ३४ जना विद्यार्थीको नामनामेसि रहेकोमा ३७ जनाले पुस्तक बुझेर दस्तखत गरेको र कक्षा ६ मा नामनामेसी ४७ जनाको रहेकोमा ५० जनाले बुझेर दस्तखत गरेको देखियो । अतः नामावली भन्दा बढीलाई बुझाएको देखियो ।<br>**ङ)** जनाता मा वि हंसपुरको कक्षा २ को पाठ्यपुस्तक वितरणमा ८ विद्यार्थीको नाममा हस्ते गरि सम्बन्धित विद्यार्थी कै नामबाट दस्तखत गराई पुस्तक वुझाएको देखियो ।<br>**च)** जनकल्याण मा वि पदमपुरको कक्षा ९ का १८१ जना विद्यार्थीको नाम र निजका अभिभावकको नामनामेसी राखि ४५ जनाको मात्र पुस्तक बुझाएको भरपाई भएको र अन्यले पुस्तक वुझेको भरपाई देखिएन ।<br>**छ)** कार्यालयलले विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तकको रकम सोधभर्ना निकासा गर्दा IEMIS DATA को आधारमा २०७८ महिना भित्रमा निकासा दिनु पर्ने व्यवस्था छ । तर कार्यालयले २०७७ को तथ्याङ्कको आधारमा विद्यालयलाई पाठ्यपुस्तकको निकासा दिएको जनाएको छ । ईमिस तथ्याङ्क अद्यावधिक गरि सोही अनुसार निकासा दिइनु पर्दछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५९.२ | | | **निशुल्क पाठ्यपुस्तक वितरणमा कार्यक्रम कार्यान्वयनः** कार्यालयले माध्यामिक तहसम्मको शिक्षा निशुल्क वितरण गर्ने नेपाल सरकारको निति अनुसार विद्यालयहरुलाई दिएको निकासाबाट खरिद पुस्तक सम्बन्धित विद्यार्थीहरुले प्राप्त गरेको हुनु पर्दछ । शिक्षा तथा मानवश्रोत विकास केन्दंबाट प्रकाशित आ व २०७७।७८ को कार्यक्रम कार्यान्वियन पुस्तिकामा कृयाकलाप न ३.१ मा उल्लिखि व्यवस्था कार्यान्वियनमा देहायको अवस्था देखिएकोले सुधार गरिनु पर्दछ ।।<br>१ IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यपित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गराई सोको आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्षुस्तकको संख्या यकिन गर्ने उल्लेख भएकोमा त्यस अनुसार अभिलेख अद्यावधिक गराएको देखिएन ।<br>२ यकिन संख्याको आधारमा दोश्रो चद्यमासिकमा विद्यालयलाई अनुदान दिने र यसरी अनुदान दिंदा पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र २०७८ बैसाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरि नपुग रकम मात्र थप अनुदान दिने व्यवस्था रहेकोमा त्यस अनुसार हुने गरेको देखिएन ।<br>३ विद्यार्थीले शैक्षिक सत्रको शुरुमै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहबाट गर्नु पर्ने व्यवस्था रहेकोमा अनुगमन गर्ने गरेको देखिएन ।<br>४ स्थानीय तहले शैक्षिक सत्रको शुरुमै पाठ्यपुस्तक उपलब्धता र वितरणको सम्बन्धमा विक्रेता र विद्यालय विच समन्वय गर्ने र सो को प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाइ मार्फत शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा जेष्ठको पहिलो हप्ता भित्र अनिवार्यरुपमा पाठाउने व्यवस्था भएतापनि त्यस अनुसार कार्यान्वियन भएको देखिएन । | | |
| ६० | | | **मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमः** | | |
| ६०.१ | | | **बजेट र खर्च** मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अन्तरगत असहाय वालवालिकाकोलागी स्टेशनरी वितरण, प्रविधियुक्त विद्यालय सन्चालन, अनाथ वालवालिकाकालागी होस्टेल सन्चालन, आाखा शिविर सन्चालन, विद्युत मर्मत तालिम, टपरी उत्पादन तालिम, मौरीको घार वितरण कार्यक्रम, अचार उत्पादन तालिम, बंगुर पालन, पुनःस्थापना कार्यक्रम, परम्परागत आरन सन्चालनकागाली औजार वितरण र गाउँ पालिका परिसरमा मागमा आधारित प्रत्यक्ष रोजगार कार्यक्रमका कृयाकलाप कार्यक्रम सन्चालनकालागि पूँजीगततर्फ रु २१ लाख, चालुतर्फ रु ३६ लाख ५० हजार र सहजकर्ताको पारीश्रमिकसमेत प्रशासनिक कार्य सन्चालनतर्फ रु २ लाख ५० हजारसमेत विनियोजन रु ६० लाख भएकोमा खर्च रु ३७,८२,४७७/- भई रु २२,१७,५२३/- फिर्ता भएको देखिएको छ । यसमा देहायका व्यहोराहरु देखिएका छन् । | | |
| ६०.२ | | | **कार्यक्रम कार्यान्वयनः** कार्यालयकालागी स्वीकृत कार्यक्रम कार्यान्वियन भएको हुनु पर्दछ । यो वर्षको स्वीकृत कार्यक्रम मध्ये देहायका कार्यक्रमहरुअधुरो वा कार्यान्वियन नभएको अवस्था देखियो । अत स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वियन गरिनु पर्दछ । | | |

| | | | | |
|---|---|---|---|---|
| | | | **१** विद्युत मर्मत तालिम तथा सहयोग १४ जनालाई दिने कार्यक्रममा रु ५ लाखसहयोग गर्ने कार्यक्रम कार्यान्वियन नभएको । <br> **२** अपाङ्गता र घरवार विहिन परिवारलाई टपरीउत्पादन गर्ने व्यवसाय सन्चालनमा१४ जना रु ४लाख ५० हजार सहयोग गर्ने कार्यक्रम रहेकोमाकारयान्वनय नभएको <br> ३ मौरी घार २० जनालाई वितरण गर्न रु ५ लाख विनियोजन भएकोमा कार्यान्वियन नगरेको <br> ४ अचार उत्पादनमा रु ५ लाख खर्च गर्ने कार्यकर्म रहेकोमा रु ३ लाख मात्रको कार्यान्वियन भएको | |
| ६०.३ | | | **कार्यक्रमको अनुगमन र मूल्याङ्कनः** कार्यक्रम कार्यविधिको दफा २१ र २२ मा सिफारिस समितिले आफ्नो स्थानीय तहमा सन्चालित कार्यक्रम वा परियोजना स्वीकृत कार्यक्रम अनुसार कार्यान्वियन भए नभएकव अनुगमन गरी त्यसको प्रतिवेदन स्थानीय तहमा दिनु पर्ने र अनुगमनको मासिक प्रतिवेदन ब्यवस्थापन समिति र समन्वय इकाइमा पठाउनु पर्ने र व्यवस्थापन समितिवे सम्बन्धित जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व गर्नुहुने सबै प्रदेश सभा सदस्यहरुसमेतको सहभागीतामा कार्यक्रमको चौमासिक रुपमा अुनगमन तथा मूल्याङ्कन गरि सोको प्रतिवेदन समन्वय ईकाइमा पठाउनु पर्ने व्यवस्था रहेकोमा त्यस अनुसार अनुगमन गरि प्रतिवेदन तयार गर्ने गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । | |
| ६१ | | | **शिक्षा कार्यक्रम** <br> **क) शिक्षक दरवन्दी** – शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदाँ नं.३ क बमोजिम शिक्षा नियमावली, २०५९ अनुसार कायम भएको शिक्षक विद्यार्थी अनुपात र नियमावलीको अनुसुची-१२ बमोजिम विद्यालयमा रहनुपर्ने दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको आधारमा स्थानीय तहमा शिक्षकको मौजुदा अवस्था र आवश्यकताको पहिचान गरी शिक्षक दरबन्दी मिलान गर्ने र कार्यविधीको बुदाँ नं. 12 अनुसार मन्त्रालय तथा प्रदेशले गरेको दरबन्दी मिलानमा स्थानीय तहले सहजिकरण गर्ने उल्लेख छ । कार्यालयले आफु मातहत रहेका मौजुदा विद्यालयहरुमा आवश्यक दरबन्दी पुनरावलोकन गरी सामुदायिक विद्यालयहरुमा तोकिएको मापदण्ड अनुरुप नियमित पठन पाठन गराउनुपर्दछ। <br><br> **ख) शिक्षक अनुदान** –शिक्षा विभागबाट प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७/७८ को क्रियाकलाप नं १.१.३.४ अनुसार स्थानीय तहले केन्द्रको च.नं. १८९ मिति २०७६/११/१२को पत्र र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार शिक्षक दरबन्दी अद्यावधिक गरी कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी विवरण एकिन गरी शिक्षा विकास तथा समन्वय इकाइ मार्फत वा अद्यावधिक विवरण अनुसार दरबन्दी, राहत र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुलाइ विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलव्ध गराउने व्यवस्था छ। कार्यालयले निजी शिक्षक भर्ना/ नियुक्ति गरी पालिका निर्शत खर्च खाताको समानिकरण अनुदान शिर्षकबाट १६ विद्यालयहरुको लागि रु. ५९,२१,५८१। भुक्तानी गरेको छ । पालिका अन्तर्गतका विद्यालयहरुमा दरबन्दी अनुसार सःशर्त अनुदान तर्फबाट शिक्षक तलब भत्तामा रु. ७,९८,९९,६९७। खर्च भएको छ। विद्यालय शिक्षक दरबन्दी मिलान नगरी दरवन्दी नै कायम नभएका विद्यालयहरुमा शिक्षक तलब भत्ता निकासा दिएको उचित देखिएन। विद्यालयको कूल शिक्षक दरबन्दी र विद्यार्थी संख्याको आधारमा आवश्यक पर्ने भए मात्र प्रतिस्पर्धात्मक तवरले छनौट गरी शैक्षिक गुणस्तर अभिबृद्धि हुने आश्वस्तता गरेर मात्र शिक्षक नियुक्ति गर्नुपर्दछ । | |
| ६२ | | | अनुगमन र सम्परीक्षण | |

**क)अनुगमन तथा सम्परीक्षण** – स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

रु. हजारमा

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B |
|---|---|---|
| ४७०७१ | ११८० | ४५८९१ |

**ख) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० बमोजिम कार्यालयबाट आर्थिक बर्ष विभिन्नमा कायम बेरुजु मध्ये रु.११,७९,७४०।- बेरुजु फछ्यौट गरी लगत कट्टाको लागि पेश भएकोमा रु.रु.११,७९,७४०।- को लगत कट्टा गर्न मनासिव देखिएको छ ।

| आर्थिक बर्ष | दफा नं. | बेरुजुको विवरण | | अनुरोध रकम | संपरीक्षण रकम |
|---|---|---|---|---|---|
| २०७६।७७ | ८५ | दोहोरो भत्ता बापतको रकम निम्न पदाधिकारीबाट असुल भई फछ्र्योट | | २०४०० | २०४०० |
| | | पदाधिकारीको नाम | रकम | | |
| | | भुवनेश्वर पौडेल | ६८०० | | |
| | | भिष्म कुमार मल्ल | ६८०० | | |
| | | अरुण कुमार के.सी | ६८०० | | |
| | | जम्मा | २०४०० | | |
| २०७६।७७ | ९५ | दिलिप कुमार के.सीको सामाजिक सुरक्षा बापतको कर रकम असुल भई फछ्र्योट | | ४१४०० | ४१४०० |
| २०७५।७६ | ४९ | निम्न पदाधिकारीहरुको चाडवाड खर्च बापतको भुक्तानी रकम असुल भई फछ्र्योट | | १०५४२० | १०५४२० |
| | | पदाधिकारीको नाम | रकम | | |
| | | गौरी बोहरा | १४८५० | | |
| | | नन्दलाल वली | ६९३० | | |
| | | रुपा राना | १४८५० | | |
| | | राम बहादुर डाँगी | १९८०० | | |
| | | राम बहादुर के.सी | ६९३० | | |
| | | प्रसाराम खत्री | ६९३० | | |
| | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कृष्णा कुमारी खड्का | ६९३० | | | | |
| | | | | | | डम्बर बहादुर सिरिस | १९८०० | | | | |
| | | | | | | राम बहादुर डाँगी | ३२०० | | | | |
| | | | | | | डम्बर बहादुर सिरिस | ५२०० | | | | |
| | | | | | | जम्मा | १०५४२० | | | | |
| | | | | २०७४।७५ | १०. | निम्न पदाधिकारीहरुको बैठक भत्ता बापतको भुक्तानी रकम असुल भई फछ्र्यौट | | ८८७४८५ | ८८७४८५ | | |
| | | | | | | पदाधिकारीको नाम | रकम | | | | |
| | | | | | | गौरी बोहरा | ७७०१० | | | | |
| | | | | | | नन्दलाल वली | ५१२५५ | | | | |
| | | | | | | खड्क बहादुर कुवर | ७६१६० | | | | |
| | | | | | | नन्दलाल वली | ७७०१० | | | | |
| | | | | | | टेक बहादुर वली | ७५८२० | | | | |
| | | | | | | चिन्तामणी शर्मा | ७७०१० | | | | |
| | | | | | | खड्क बहादुर खत्री | ५१२५५ | | | | |
| | | | | | | टंकराज विश्वकर्मा | ३३६६० | | | | |
| | | | | | | रुपा राना | ६१७१० | | | | |
| | | | | | | रामबहादुर डाँगी | ७६४१५ | | | | |
| | | | | | | राम बहादुर के.सी | ५१२५५ | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रसाराम खत्री | ५१२५५ | | | | |
| | | | | | | कृष्णा कुमारी खड्का | ५०६६० | | | | |
| | | | | | | डम्बर बहादुर सिरिस | ७७०१० | | | | |
| | | | | | | जम्मा | ८८७४८५ | | | | |
| | | | | २०७५।७६ | ४९. | निम्न पदाधिकारीहरुको चाडवाड खर्च बापतको भुक्तानी रकम असुल भई फछ्र्यौट | | ८६१८५ | ८६१८५ | | |
| | | | | | | पदाधिकारीको नाम | रकम | | | | |
| | | | | | | खड्क बहादुर कुवर | १९८०० | | | | |
| | | | | | | नन्दलाल वली | ५००५ | | | | |
| | | | | | | टेक बहादुर वली | १९८०० | | | | |
| | | | | | | चिन्तामणी शर्मा | १९८०० | | | | |
| | | | | | | खड्क बहादुर खत्री | ६९३० | | | | |
| | | | | | | टकराज विश्वकर्मा | १४८५० | | | | |
| | | | | | | जम्मा | ८६१८५ | | | | |
| | | | | २०७५।७६ | ५५. | विभिन्न योजनाहरुको अनुगमन बापतको भत्ता असुल भई फछ्र्यौट | | ३८८५० | ३८८५० | | |
| | | | | | | पदाधिकारीको नाम | रकम | | | | |
| | | | | | | खड्क बहादुर कुवर | ३२०० | | | | |
| | | | | | | नन्दलाल वली | २०२५० | | | | |
| | | | | | | टेक बहादुर वली | ३२०० | | | | |
| | | | | | | | | | | | |

| | | | |
|---|---|---|---|
| चिन्तामणी शर्मा | ५२०० | | |
| टंकराज विश्वकर्मा | ७००० | | |
| जम्मा | ३८८५० | | |
| कुल जम्मा | | ११७९७४० | ११७९७४० |

**ग) अद्यावधिक वेरुजु -** यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ

रु.हजारमा

| गत वर्ष सम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ४७०७१ | ११८० | ४१७५५ | ० | ८७६४६ |